# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:

मिति: २०७५।१२।१०

श्री प्रमुखज्यू,
फिक्कल गाँउपालिका
सिन्धुली ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट फिक्कल गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड ९७ लाख ३८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४६ लाख ११ हजार, नियमित गर्नुपर्ने रु.९१ लाख १५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१८ लाख ६ हजार र पेश्की रु.१ करोड ४२ लाख ६ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७५।११।०६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना तिस (३०) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# फिक्कल गाँउपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न फिक्कल गाँउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाँउपालीकाको मुख्य उद्देश्य रहेको छ । यो गाँउपालीक अर्न्तगत ६वडा रहेको ३४सभा सदस्य १८५ व.की.मी.क्षेत्रफल, १६९६६ जनसंख्या र ३ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **मौज्दावाट खर्च** | ५४६७९०५.३५ |
| | ख) बैंक | ५९७९९२७.८५ | २ | **आन्तरीक चालु खर्च** | १५८८७५.०० |
| २ | **राजस्व (आन्तरिक आय)** | १२१८३८३.०० | ३ | **वित्तिय समानिकरण चालु खर्च** | २७९९४१३७.२८ |
| ३ | **वित्तीय हस्तान्तरण** | ०.०० | ४ | **वित्तिय समानिकरण पुँजिगत खर्च** | ११३६९१३५९.६४ |
| | क)वित्तीय समानीकरण अनुदान | १५४२३२०००.०० | ५ | **सशर्त अनुदान** | ०.०० |
| | ख) सशर्त अनुदान | ९८०८६३६८.६० | | क) जनस्वास्थ्य शाखा कार्यक्रम | १४१०८१६२.३० |
| ४ | **साना सिचाइ कार्यक्रम** | २६२११००.०० | | ख)शिक्षा शाखा कार्यक्रम | ८२१३७५४६.३० |
| ५ | **स्थानिय शासन तथा सामुदायिक विकास कार्यकरम** | १०२५३७५.०० | | ग)कृषि शाखा कार्यक्रम | ६५७८२०.०० |
| ६ | **गरीव संग विशेश्वर कार्यक्रम** | ४२९०००.०० | | घ) पशु सेवा शाखा कार्यक्रम | ११८२८४०.०० |
| ९ | **सामाजिक सुरक्ष भत्ता अनुदान** | २१४८७६००.०० | ६ | सामाजिक सुरक्षा अनुदान | २१४८७६००.०० |
| १० | **मर्मत संभारकोष** | २०९३४४०.०० | ७ | साना सिचाइ कार्यक्रम | ५६११००.०० |
| ११ | कर्मचारी कल्याण कोष | १७०२२०.०० | ८ | गरिव सँग विश्वेश्वर कार्यक्रम | ४२९०००.०० |
| १२ | **विपद व्यवस्थापन कोष** | ५०००००.०० | ९ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | १०२५३७५.०० |
| १३ | **गरिव परिवार परिचयपत्र** | २९०६२.०० | १० | मर्मत संभारकोष | ७५६९४.०० |
| १४ | **जनसहभागित नगद** | ६४६७१३.०० | ११ | विपद व्यवस्थापन कोष | ०.०० |
| १५ | **सामाजिक परिचालक** | ३३००००.०० | १२ | **कन्टिजेन्सी** | ३६०४७९४.०० |
| | **कन्टिजेन्सी** | ३८५४८८१.०० | १३ | **गरिव परिवार परिचयपत्र** | २९०६२.०० |
| | | | १४ | जनसहभागिता खर्च | ५६६९१३.०० |
| | | | १५ | समाजिक परिचालक | ३३००००.०० |
| | | | १६ | वैक मौज्दात | १८५९९९११.५८ |
| | **जम्मा** | **२९२७०४०७०.४५** | | **जम्मा** | **२९२७०४०७०.४५** |

| दफा नं. | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाँउपालिकाको मिति २०७४।३।३० गते वसेको गाँउसभाले बजेट परित गरेतापनी प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिएको देखिएन । प्रचलित ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २. | **वजेट पेश  तथा पारितः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाँउ कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । गाँउ कार्यपालिकाको मिति २०७४।३।२५ निर्णय अनुसारको आय व्यय गाँउसभाको मिति २०७५।३।३० को बैठकबाट रु.२६१५७९७०८।५०को बार्षिक बजेट पारीत गरेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था वमोजिमको समयावधिमा वजेट पारित गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ३. | **श्रोत अनुमान तथा बजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाँउपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा वजेट सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा  मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा समिति गठन गरेको भएपनि सीमा निर्धारण गरेको एवं गाउँपालीकाको श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको मिति २०७५।३।२२को वैठकले रु.२५५९६४०००।००को वजेट सिमा, वजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देश गर्ने निर्णय गरेको पाइयो । ऐनमा भएको व्यवस्था वमोजिम श्रोतको अनुमान तथा वजेट सिमा निर्धारण समितिको आधारमा वजेट निर्माण गरि वजेट पारित गर्नुपर्दछ । | |
| ४. | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा  ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ ।गाँउपालीकाले मिति २०७४।३।२४ को निर्णयले  गाँउपालीका वाट लगाइने सम्पत्ति करको दर, घरवहाल करको दर, व्यवसायकरको दर लगायतका विभिन्न राजश्वको दर, वार्षिक निति तथा कार्यक्रम र २०७४।७५ को आय व्ययको अनुमान स्वीकृत गरि लागु गर्ने व्यवस्थाका लागि गाँउकार्यपालिका को वैठक समक्ष पेश गरेतापनीनिति तथा कार्यक्रम साथै कार्यक्रमको प्राथमिकिकरण, विषयगत क्षेत्र र कार्यक्रममा दोहोरोपना हुन नदीने गरि वजेट तथा कार्यक्रम निर्माण गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ५. | **स्थानीय तथ्याङ्क र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको पाईएन । तथापी द्धितिय तथ्यांकको प्रयोग गरि जनसंख्या, क्षेत्रफल, जस्ता विषयहरु वार्षिक निति तथा कार्यक्रम पुस्तकमा समावेश गरेको देखियो ।स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ६. | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने | |

| | | |
|---|---|---|
| | तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाँउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले कुनै ससफ्टवेयर तयार गरेको पनि पाईएन । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको सफ्टवेयर पनि ईन्टरनेट जडानको समस्या तथा तालिम प्राप्त पनशक्तिको अभावमा लेखापरिक्षण अवधि सम्म प्रयोगमा ल्याइएको पाईएन । कार्यालयमा तोकिएको सफ्टवेयरवाट लेखा नराखेकोले आय व्ययको हिसाव यथार्थपरक छ भनि विस्वस्त हुन सकिएन । उक्त सफ्टवेर प्रयोगमा ल्याई लेखा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ७. | **लक्ष्य तथा प्रगति:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० अनुसुचि १ अनुसारको ढाँचामा कार्यक्रम स्वीकृत गरि नियम २५ को अनुसुचि २ को ढाँचामा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने तथा कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम चौमासिक लक्ष्य सहित कार्यक्रम स्वीकृती प्रगति खुल्ने प्रतिवेदन तयार गरेको पाइएन । कार्यालयको वार्षिक कार्यक्रम अनुसार प्रगति विवण तयार गरि स्वीकृत सम्पुर्ण योजनाहरु समयमै सम्पन्न गरी लाभग्राहीलाई दिइने सेवालाई प्रभावकारी वनाउनेतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । | |
| ८. | **चौमासिक खर्च**अर्थ मन्त्रालयले वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी पत्रका साथ दिएको निर्देशन अनुसार अन्तिम चौमासीक तथा आषाढ महिनामा कुल खर्चको क्रमश ४० र २० प्रतिशत भन्दा वढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष कुल खर्च रु.९ करोड ६४ लाख ७८ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा चौमासिक खर्च विवरण माग गरिएकोमा वास्तविक चौमासिक खर्च विवरण प्राप्त भएन । तथापी कार्यालयको अन्तिम चौमासिक र आषाढ महिनामा अत्याधिक खर्च भएको देखिन्छ ।कार्यालयले चौमासिक अवधीमा सन्तुलन नमिलाई खर्च गर्दा खर्चको चापले कारोवारको शुद्धतामा असर पर्ने तथा गरिएको कामको गुणस्तरमा असर पर्न जान्छ । अत: कार्यालयले वजेट खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गर्नुपर्दछ । | |
| ९. | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गदा गर्दा आन्तरिक आय करकट्टि रकम समयमा दाखिला नगरेको, पेश्की हिसाव अध्यावधिक नराखेको, सरकारी सम्पत्तिको लगत अधावधिक नगरेको, मर्मत अभिलेख खाता नराखेको, कर्मचारीलाई लिखित रुपमा अधिकार र जिम्मेवारी नदीएको, भ्रमण अभिलेख अधावधिक नगरेको, योजना सम्झौताको विवरणमा उपभोक्ता समितिका सवै सदस्यले हस्ताक्षर नगरेको, उपभोक्ता समिति गठनको प्रमाण संलग्न नगरेको, आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि लागु नगरेको,जस्ता कैफियत देखिएका छन ।कार्यालयको प्रचलित नियमको पालना गरि आन्तरिक नियन्त्रण प्रणाली सुदृढ वनाउनु पर्दछ । | |
| १०. | **विषयगत कार्यालय :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ८१ मा गाउपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ती संरचना जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था रहेको छ । स्थानीय तहमा हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाततयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य र पशु कार्यालय बाट ती कार्यालय अन्तरर्गतका संरचना, चल अचल सम्पती हालसम्म पनी हस्तान्तरण भई आएको पाईएन । गाँउपालिकाले यस्ता सम्पत्तीको लगत अध्यावधिक गरि सार्वजनिक गर्नुपर्दछ । | |
| ११. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ ।यसवर्ष कोष तथा लेखा | |

| | | |
|---|---|---|
| | नियन्त्रक कार्यालयलाई अनुरोध गरि आन्तरिक लेखापरीक्षण गराएको देखिएतापनी आन्तरिक लेखापरीक्षणवाट औंल्याइएका वेरुजु अन्तिम लेखापरिक्षण अवधि सम्म फछ्र्यौट गरेको छैन । यस गाँउपालिकामा आन्तरिक लेखापरीक्षण शाखा तोकेको नदेखिएकाले आन्तरिक लेखापरीक्षण शाखा तोकी आन्तरीक लेखापरीक्षणलाई प्रभावकारी वनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| १२. | **घटि जिम्मेवारी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु.६०४३९२७३५ मध्ये कार्यालयले पटक पटक गरी रु. ५९७९९२७८५ मात्र सञ्चित कोष दाखिला भएको देखियो । गाँउपालिकाले घटि जिम्मेवारी सारेको देखिएको रु.६४०००।१०का सम्वन्धमा यकिन गरी जिम्मेवारी सारी आम्दानी देखाउनु पर्ने रु............ | ६४०००.१० |
| १३. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम दरवन्दी अनुसारको पदपुर्ति गरि कर्मचारी व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३६ रहेपनि पदपूर्ति १२ जना मात्र रहेको देखियो । कार्यालयमा २ अधिकृत सहित २४ पद रिक्त रहेका छन । ति मध्ये प्राविधिक, लेखा, प्रशासन साहाय र कार्यालय सहयोगी समेत ९जना करारमा राखि कार्य संचालन गरिएको छ । दरवन्दी अनुसारको पदपुर्ती गरि सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी वनाउनेतर्फ कार्यालय तथा सम्वन्धित तालुक कार्यालय समेतको ध्यान जानु पर्दछ । | |
| १४. | **विशेष भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । कार्यालयले यो आर्थिक वर्षमा इन्जिनियरलाई मासिक रु.१०,०००।०० तथा सव इन्जिनियरलाई मासिक रु.९०००।०० का दरले विभिन्न ३ प्राविधिक कर्मचारीहरु बिभिन्न कर्मचारीलाई मासिक भत्ता वापत रु.३३६०००।००वजेट खर्च लेखेको देखिन्छ । कार्य सम्पादनमा सुचकांक तोकी सोही आधारमा भत्ता भुक्तानी गर्नुपर्नेमा मासिक भत्तादर तोकी भुक्तानी गरेको नियम सम्मत देखिएन । थप सुविधा भुक्तानी गर्दा कार्य सम्पादनमा आधारीत सुचकको आधारमा मुल्याकंन गरि वजेट खर्च लेख्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| १५. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लागत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोवाइल सेट तथा अन्य फर्निचर जस्ता मुल्यवान सामानहरु जिम्मेवारी सार्नुपर्नेमा सो सारेको देखिएन । गाँउपालीकाले सवै विषयगत कार्यालय तथा वडा कार्यालयहरु समेतको जिन्सीको एकिकृत लगत तयार गर्नुपर्दछ । | |
| १६. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाँउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालीकामा समाहित भएका साबिकका महादेवडाडा, पोखरी, खोलागाँउ, खाङ्गसाङ्ग, सोल्पाठाना र रत्नावती गाँउविकास समितिहरुको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक गर्नुपर्नेमा विगत वर्षको वेरुजुको लगत तयार गरेको नपाइएको साथै पेश्की समेत फछ्र्यौट गरेको पाइएन । गाँउपालीकाले विगतको वेरुजु लगत तयार गरि फछ्र्यौट गर्ने गराउने तर्फ ध्यान दिनु पर्दछ । | |
| १७. | **कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । यो आर्थिक वर्षमा आन्तरिक खातावाट कर्मचारी कल्याण खातामा रु.१७०२२०।०० रकम पठाएको देखिन्छ । कार्यालयले योगदानमा आधारीत उपादान , औषधिउपचार सेवा लागु गरि कल्याणकोषमा जम्मा गर्नुपर्दछ । | |

| | | |
|---|---|---|
| १८. | **लक्षित समूह खर्च** : गाँउपालीकाले वजेट तथा कार्यक्रम तयगर्दा लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यकम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्नु पर्दट । कुनैपनि प्रकारका वितरणमूखि कार्यकम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालीकाले महिला,वालवालीका लगायतका विषयगतकार्यकममा छुट्टै वजेट विनियोजन, खर्च प्रगति हासिल गरेको अभिलेख नराखेकोले सो सम्वन्धमा एकिन हुन सकिएन । कार्यालयले लक्षीत समुहमा भएको वजेट तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी वनाउनुपर्ने देखिन्छ । | |
| १९. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको व्यावासाय दर्ता गर्ने भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालीकाले दर्ता भएका व्यवसायीहरुवाट कर असुल गरीएको एंव दर्ता हुन नसकेकाको खोजविन गरी दर्ता अद्यावधिक गर्ने गराउने तर्फ ध्यान दिनु पर्दछ । | |
| २०. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । गाँउपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट यो वर्ष कुनै पनि रकम असुल गरेको छैन । गाँउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सवारीसाधनको दर्ता, नविकरण गरि राजश्व प्राप्ती गर्नेतर्फ ध्यान दिनु पर्दछ । | |
| २१. | **वक्यौता कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ वमोजिम गाँउपालिकाले कर, शुल्क संकलन गर्ने व्यवस्था छ । यस गाँउपालिकामा दर्ता भएका व्यवसायलाई व्यवसाय नविकरणको लागि व्यवसाय कर, घर वहाल कर बुझाउनु पर्ने व्यावासयीहरुको अभिलेख व्यवस्थीत गरेको देखिएन ।यस सम्वन्धमा गाँउपालीकावाट अनुगमन गरि राजश्वको दायरा भित्र नआएका व्यवसायीलाई करको दायरामा ल्याई कर असुली गर्नुपर्ने देखिन्छ । | |
| २२. | **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । गाँउपालिकाले वडा कार्यालय र गाँउपालिकाको कार्यालयमा काम गर्न को लागी आवश्यक भएको भनी विभिन्न मितिमा इन्जिनियर, कम्प्युटर अपरेटर, कार्यालय सहयोगि, नगरप्रहरी जस्ता विभिन्न १६ पदका लागि प्रतिस्पर्धा गरि नियुक्त गरेको दखिन्छ । कार्यालयमा भएका रिक्त दरवन्दी पदपुर्तिको लागि आवश्य पहल गर्नुपर्ने देखिन्छ । | |
| २३. | **आर्थिक सहायता :** कार्यालयले आर्थिक साहायता वितरण गर्दा आन्तरिक आयलाई समेत मध्यनजर गरि साहायता मापदण्ड निर्धारण गरि सोही आधारमा आर्थिक साहायता वितरण गर्नु पर्दछ । कार्यालयले यो वर्ष विभिन्न विरामी हरुलाई खर्चको बिल भरपाई वेगर विभिन्न २२ व्यक्तीलाई रु. १४९८७५।०० आर्थिक साहायता स्वरुप भुक्तानी गरेको छ ।त्यस्तै पुँजिगत खर्च शिर्षकवाट समेत दुर्घटना घाइते तथा मृतक समेत ११ जनालाई रु.२०५०००।००तथा आगलागि पिडित ६ जनालाई रु.४२०००।००समेत रु.३९६८७५।०० आर्थिक सहायता भुक्तानी गरको देखिन्छ । यस्तो सहायता भुक्तानी गर्दा आन्तरिक आयलाई समेत मध्यनजर गरि मापदण्ड निर्धारण गरि भुक्तानी गर्नुपर्दछ । | |
| २४. | **सार्वजनिक सुनुवाई :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले योजनाको सार्वजनिक परिक्षण गराएर मात्र भुक्तानी गरेको देखिएपनि गाँउपालीकामा सार्वजनीक सुनुवाई गरेको पाईएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नु पर्ने देखिन्छ । | |
| २५. | **प्राथमिकिकरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने | |

| | | |
|---|---|---|
| | व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपालीकाले यस्तो कार्यक्रमको प्राथमिकिकरण ( प्राथमिकता १,२,३) तोकेको देखिएन । आवधिक विकास योजनाको प्रभाबकारी कार्यान्वयन गर्नु पर्दछ । | |
| २६. | **न्याय सम्पादन-**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृयाका सम्वन्धमा उल्लेख छ । यो वर्ष गाँउपालिकाको न्याय समितिले उपलव्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७४।७५ मा मेलमिलाप, विवाद निरुपण र विविध मुद्दाका १५उजुरी दर्ता भएकोमा १० फछ्र्यौट भई ५ फैसला हुन वाँकी देखिन्छ । न्यायिक समितिवाट हुने  न्याय सम्पादन प्रभावकारी वनाउन ऐनको कार्यान्वयन गर्नुपर्दछ । | |
| २७. | **सुविधाः** प्रकादेश नं. ३ अर्न्तगतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन वमोजिम वाहेकका सुविधा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुलाई भुक्तानी गर्न मिल्ने देखिदैन । ऐनको दफा ८ अनुसार नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको सेवावाट अवकास लिई त्यस्तो सरकार वा तहवाट निवृतिभरण पाइरहेको कुनै व्यक्ति, पदाधिकारी सदस्य वा सभा सदस्य निर्वाचित भएमा त्यस्तो व्यक्तिले मासिक सुविधा वा निवृतिभरण मध्ये कुनै एक मात्र पाउनेछ भनि उल्लेख  छ । कार्यालय सँग नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको सेवावाट अवकास लिइ पदाधिकारी तथा सदस्यहरुको विवरण माग गरेमा सो विवरण नरहेको जनाएको छ । | |
| २८. | **राजश्व अभिलेखः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ र १३ ले राजश्वको अभिलेख अधावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाँउपालिकाको लेखापरीक्षणका क्रममा विभिन्न शिर्षकका आम्दानी हुने रकम वडा कार्यालयमा नगद वुझिलिने र वैंक दाखिला गरि गाँउपालिकामा भौचर पठाई भौचर आम्दानी वाधि लेखा राखेको देखियो । राजश्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख  व्यवस्थित गरि लेखा राखेको पाइएन । यसवाट स्थानीय तहको वास्तविक राजश्व असुली र दाखिला एकिन हुन सकेन । गाँउपालिकावाट  यस सम्वन्धमा विशेष ध्यान दिई आन्तरिक आयको  उचित अभिलेखाकंन तथा परिचालन गर्नुपर्दछ । | |
| २९. | **स्रोत नक्साकंनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम प्रत्येक गाँउपालीकाले आफ्नो क्षेत्र भित्रका शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी , जंगल तथा अन्य स्रोत , पुर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साकंन तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले हालसम्म यस्तो प्रकारको स्रोत नक्साकंन तयार गरेको पाइएन । अल्पकालीन तथा दिर्घकालीन योजना तथा कार्यक्रम संचालन गर्दा स्रोत नक्साकंन गरि वैज्ञानिक तवरवाट संचालन गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ३०. | **मोवाइल सुविधाः** ८६,०७५।२१७, प्रदेश नं.३ प्रदेश सरकारले जारी गरेको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ अनुसार सेवा सुविधा भुक्तानी गर्नुपर्दछ । उक्त ऐन अनुसार गाँउपालीकाका वडा अध्यक्षहरुलाई मोवाइल खरिद गरि उपलव्ध गराउने उल्लेख नभएकोमा यो वर्ष गाँउपालीकाले १२ वटा  MIREDMI Note 44/64 को मोवाइल सेट खरिद गरि रु. २,८६,८००।०० भुक्तानी गरि देहाय वमोजिमका पदाधिकारीहरुलाई मोवाइल सेट वुझाएको भरपाई पेश गरेको छ । कानूनले नदिएको सुविधा वार्षिक कार्यक्रम अनुसार चालु शिर्षक तर्फको जिन्सी वापत दिइने सुविधा अर्न्तगत उपलव्ध गराइएको भनी खर्च लेखेकोले असुल गर्नुपर्ने रु...................... | २८६८००.०० |

| सि.नं. | पदाधिकारीको विवरण | पद | रकम |
|---|---|---|---|
| १ | श्री चेत वहादुर विश्वकर्मा | वडा अध्यक्ष | २३९००.०० |
| २ | श्री शंकर वहादुर भण्डारी | वडा अध्यक्ष | २३९००.०० |
| ३ | श्री टेक वहादुर रजान मगर | वडा अध्यक्ष | २३९००.०० |
| ४ | श्री गोपाल वहादुर मगर | वडा अध्यक्ष | २३९००.०० |
| ५ | श्री राजु वराल | वडा अध्यक्ष | २३९००.०० |
| ६ | श्री खड्ग वहादुर नेपाली | वडा अध्यक्ष | २३९००.०० |
| ७ | श्री खड्ग वहादुर सुनुवार | कार्यपालीका सदस्य | २३९००.०० |
| ८ | श्री चेत वहादुर विश्वकर्मा | कार्यपालीका सदस्य | २३९००.०० |

| | | | | |
|---|---|---|---|---|
| | ९ श्री फडिन्द्र कुमारी पौडेल — कार्यपालीका सदस्य — २३९००.०० | | | |
| | १० श्री टंकमाया वुढा — कार्यपालीका सदस्य — २३९००.०० | | | |
| | ११ श्री विष्णु कुमारी घिमिरे (बराल) — कार्यपालीका सदस्य — २३९००.०० | | | |
| | १२ श्री पुर्णमाया थापा मगर — कार्यपालीका सदस्य — २३९००.०० | | | |
| | जम्मा — २८६८००.०० | | | |

| | | |
|---|---|---|
| ९ | श्री फडिन्द्र कुमारी पौडेल | कार्यपालीका सदस्य | २३९००.०० |

| | | | |
|---|---|---|---|
| ९ | श्री फडिन्द्र कुमारी पौडेल | कार्यपालीका सदस्य | २३९००.०० |
| १० | श्री टंकमाया वुढा | कार्यपालीका सदस्य | २३९००.०० |
| ११ | श्री विष्णु कुमारी घिमिरे (बराल) | कार्यपालीका सदस्य | २३९००.०० |
| १२ | श्री पुर्णमाया थापा मगर | कार्यपालीका सदस्य | २३९००.०० |
| जम्मा | | | २८६८००.०० |

३१. **खाधान्न भुक्तानी:** प्रदेश नं. ३ प्रदेश सरकारले जारी गरेको स्थानिय तहको पदाकिारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ अनुसार जारी गरेको मात्र सेवा सुविधा भुक्तानी गर्नुपर्दछ । सो ऐन विपरित देहाय वमोजिमका भौचरहरुवाट अध्यक्ष तथा उपाध्यक्षको क्वाटरमा प्रयोग भएको साधान्न तथा अन्य घरायसी सामान खरिद वापतको विल भरपाई कार्यालय सहायोगि इन्द्र वहादुर क्याप्छाकीको पेश्की फछ्र्यौट गरी खर्च लेखेकोले उल्लेखीत व्याक्तिगत प्रयोजनको खर्च कार्यालयवाट खर्च लेख्न नमिल्ने भएकोले सम्वन्धितवाट असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु............ — १२३२२०.००

| गो . भौ नं. ,मिति | सामानको विवरण | खरिद रकम |
|---|---|---|
| २१६,०७५।३।१४ | चामल, आलु, दाल, तेल, नुन, प्याज , सावुन ,सरफ आदि | २५०००।०० |
| २२८,०७५।३।२४ | कुमार जनरल स्टोर्स चामल, आलु, दाल, तेल, नुन, प्याज , सावुन, लसुन , चिउरा, चिनि , सरफ आदी | ९८२२०।०० |
| जम्मा | | १२३२२०।०० |

३२. **घरभाडा सुविधा :** प्रदेश नं. ३ प्रदेश सरकारले जारी गरेको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ मा उल्लेख भए अनुसार सुविधा मात्र पदाधिकारी तथा सदस्यलाई भुक्तानी गर्द पर्दछ । उक्त ऐन अनुसार गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षलाई घरभाडा सुविधा दिन मिल्ने देखिदैन । यो वर्ष गाँउपालीकाले अध्यक्ष र उपाध्यक्षको लागि घर भाडामा लिई घरधनी खडानन्द पहाडी लाई मासिक रु ४००० का दरले रु ४८०००।०० भुक्तानी गरेको नियम सम्मत देखिएन । ऐनमा व्यवस्था भएको भन्दा थप सुविधा भुक्तानी गर्न मिल्ने नदेखिएको रु....... — ४८०००.००

३३. **सवारी साधन खरिद-** स्थानीय तहले सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको स्वीकृत लिई सवारी साधन खरिद गर्नुपर्ने व्यवस्था भएकोमा गाँउपालीकाले योवर्ष गाँउपालीकाले पुँजिगत वजेट शिर्षकको रकमवाट ३ थान मोटरसाइकल, १ थान स्कुटर खरिद गरि रु.८५४०००।०० तथा एक थान डवल क्याप वोलेरो पिकअप गाडि खरिद गरि रु.२३८५०००।०० समेत जम्मा रु.३२३९०००।०० वजेट खर्च लेखेको देखियो । सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको स्विकृती वेगर खरिद गरेको नियम सम्मत देखिएन । स्विकृति लिएरमात्र सवारी साधन खरिद नगरेकोले नियम सम्मत नदेखिएको रु................ — ३२३९०००.००

३४. **लागत अनुमान:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनैपनी खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम ११ अनुसार सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा मालसामानको स्पेशिपिकेशन तयार गर्नुपर्ने उल्लेख छ । तर गाँउपालीकाले सोझै ४ थान मोटरसाइकल खरिद गरि रु.८५४००० भुक्तानी गर्दा लागत अनुमान र स्पेशिफिकेसन तयार गरेको देखिएन । स्पेशिफिकेसन तयार नगर्दा कार्यालयलाई कुन प्रयोजनको कस्तो सवारी साधन आवश्यक परेर खरिद गर्नु परेको हो नखुल्ने एवं नियमावलीको पालना नहुने भएकोले ऐन नियममा तोकिएको प्रकृया पुरा गरेर मत्र खरिद गर्नु पर्दछ ।

३५. **पेश्की:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । गाँउपालीकाले यो वर्ष भुक्तानी गरेका देहाय वमोजिमको पेश्की रकम आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई वांकी रहेको देखियो । वाँकी पेश्की फछ्र्यौट गर्नुपर्ने रु.................... — १४२०५९७०.२८

| सि.नं. | विवरण | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | नेपाल विधुत प्राधिकरण सिन्धुली | विधुतिकरण | ८६३७८७०.२८ |
| २ | पौतीखोला भोर्लेनी सिचाई योजना | साना सिचाई | १९४२००.०० |

| | | | |
|---|---|---|---|
| ३ | सेदारीखोला मुहान गाँउ सिचाई योजना | साना सिचाई | ३६६९००.०० |
| **जम्मा** | | | **९१९८९७०.२८** |

शैक्षिक गुणस्तर पेश्की रकम

| क.स | विद्यालयको नाम | ठेगाना | पेशिक रकम रु |
|---|---|---|---|
| १.१ | रत्नगंगा मा.वि. डिहिटार | रत्नावती | ५५८००० |
| १.२ | श्री महाकाली मा.वि.पोटीभज्याङ्ग | खाङसाङ | ५५८००० |
| १.३ | जनजागृती मा.वि.ढोडेनी | महादेवडाडा | ३९६००० |
| १.४ | मा.वि. सुम्नाम सुन्तले,चण्डीभज्याङ्ग | पोखरी | ३९६००० |
| १.५ | मा.वि. सालुके | रत्नावती | २४२००० |
| १.६ | श्री प्रकाशोदय मा.वि. खुरहरी | खोलागाउँ | २६८००० |
| १.७ | लोक प्रकाशोदय नि.मा.वि.ठुलीबन | खाङसाङ | ३१२००० |
| १.८ | नि.मा.वि. काउलेडाडा | महादेवडाडा | १६२००० |
| १.९ | कालिका नि.मा.वि. जाङजाङ | सोल्पाठाना | २३४००० |
| १.१० | जनता नि.मा.वि. भिरगाउँ | रत्नावती | १६२००० |
| १.११ | जनकल्याण नि.मा.वि. | महादेवडाडा | १६२००० |
| १.१२ | नि.मा.वि. देउकीडाडा | रत्नावती | १६२००० |
| | **जम्मा** | | **३६१२०००** |
| २.१ | मा.वि.सालघारी | खोलागाउँ | १००००० |
| २.२ | मा.वि. लुम्ती | पोखरी | १००००० |
| २.३ | मा.वि. चनौटे | खोलागाउँ | ५०००० |
| २.४ | मा.वि.महादेवडाडा | महादेवडाडा | ५०००० |
| २.५ | मा.वि. सोखुबेशी | खाङसाङ | ५०००० |
| | **जम्मा** | | **३५००००** |
| ३.१ | सुनकोशी प्रा.वि.कवासे | खोलागाउँ | ४०००० |
| ३.२ | महाकाली प्रा.वि. तल्लो चनौटे | खोलागाउँ | ४०००० |
| ३.३ | पटनदेवी प्रा.वि. मौरिभज्याङ्ग | पोखरी | २०००० |
| ३.४ | चम्पादेवी प्रा.वि. पहारेपानी | खाङसाङ | ४०००० |
| ३.५ | सिद्धेश्वरी प्रा.वि. पोटी | खाङसाङ | ४०००० |
| ३.७ | सुनकोशी प्रा.वि. भगरे | सोल्पाठाना | ४०००० |
| ३.८ | फिक्कल प्रा.वि.वाजागाउँ | सोल्पाठाना | ४०००० |
| ३.९ | जनजागृति प्रा.वि.सोखुखोला | रत्नावती | ४०००० |
| ३.१० | जनता प्रा.वि.सिलुङ्गे | रत्नावती | ४०००० |
| ३.११ | जनज्योती प्रा.वि.सोलिडाडा | महादेवडाडा | ४०००० |
| ३.१२ | प्रा.वि.दमार चौकी | महादेवडाडा | ४०००० |
| ३.१३ | जनकल्याण प्रा.वि.पाथिभरा | महादेवडाडा | ४०००० |
| | **जम्मा** | | **४६००००** |
| ४.१ | श्री गुजिटार प्रा.वि. | सोल्पाठाना | ३०००० |
| ४.२ | श्री सिद्धकोटी प्रा.वि. चिउरीखानी | पोखरी | २०००० |
| ४.३ | श्री ककनीदेवी प्रा.वि. भगरे | खोलागाउँ | १५००० |
| ४.४ | महामण्डल प्रा.वि. | खोलागाउँ | १५००० |
| ४.५ | श्री प्रा.वि. पौती | पोखरी | २०००० |
| ४.६ | श्री ओमकारेश्वरी प्रा.वि. | पोखरी | २०००० |
| ४.७ | श्री प्रा.वि.बरमथुम्की | पोखरी | २०००० |
| ४.८ | श्री कालिका प्रा.वि.ववला | पोखरी | २०००० |
| ४.९ | श्री पटनदेवी प्रा.वि. धमिनी | पोखरी | २०००० |
| ४.१० | श्री प्रा.वि.बाह्रविशे ठुलढुङ्गा | सोल्पाठाना | १५००० |

| | | | |
|---|---|---|---|
| ४.११ | श्री प्रा.वि.बाह्रविशे | सोल्पाठाना | १५००० |
| ४.१२ | श्री प्रा.वि. तिनखण्डे | रत्नावती | १५००० |
| ४.१३ | श्री प्रा.वि.पिपलभज्याङ्ग | रत्नावती | १५००० |
| ४.१४ | श्री जनता प्रा.वि. आरुवोट | महादेवडाडा | १५००० |
| ४.१५ | श्री प्रा.वि. सुम्नाम ओखेनी | खोलागाउँ | १५००० |
| | **जम्मा** | | **२७००००** |
| ५.१ | फिक्कल प्रा.वि.विरवल भज्याङ्ग शैक्षिक गुणस्तर सुधार | महादेवडाडा | ७५००० |
| ५.६ | जनप्रिय प्रा.वि.भालुथुम्का शैक्षिक गुणस्तर सुधार | रत्नावती | ५५००० |
| ५.७ | प्रा.वि. देउराली,शैक्षिक गुणस्तर सुधार | रत्नावती | ६५००० |
| ५.८ | सरस्वती प्रा.वि.नागदह शैक्षिक गुणस्तर सुधार | खाङसाङ | ४०००० |
| | **जम्मा** | | **२३५०००** |
| **६** | **अन्य** | | |
| **६.१** | ज्ञानोदय प्रा वि माभ्फटोल | | **४००००** |
| **६.२** | कालिका प्रा वि , खोलागाउ | | **४००००** |
| | **जम्मा** | | **८००००** |
| | **कुल जम्मा** | | **५००७०००** |

३६. **उपभोक्ता समितिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने तथा उप नियम १३ (क) वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै कार्य सव कन्ट्रयाक्ट वाट गराई निर्माण कार्य गराउन नहुने उल्लेख छ । त्यस्तै गाँउपालीकावाट राजपत्रमा प्रकासन भएको उपभोक्ता समिति मार्फत कार्य गराउने कार्यविधिमा समेत श्रममा आधारीत ४५ लाख सम्मका योजना मात्र उपभोक्ता समिति मार्फत गराउने उल्लेख छ । गाँउपालिकाले उपभोक्ता समितिबाट प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजनाको प्राविधिक मुल्याकंन गर्दा चेनेजवाइज मुल्याकंन गर्नुपर्नेमा नापीमा चेनेज पटक पटक एउटै प्रयोग गरेको , पुरानो कार्य गर्दा चेनेज उल्लेख नगरेको, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगरेको, मुल्यअभिवृद्धि कर भुक्तानी गर्दा विजक नलिई भाडा कर कट्टा गरेको जस्ता कानूनले तोकेका कार्य गरेकाले पुर्ण पालना गरेको देखिएन ।उपभोक्ता समितिवाट हुने सवै वाटो तथा फिल्ड निर्माण कार्यमा हेभि इक्वीपमेन्ट प्रयोग गरि सव कन्टक्टमा निर्माण व्यवसयीलाईनै भुक्तानी गरेको देखिएकोले निर्माण कार्यमा प्रतिस्पर्धा नहुने, लागत वृद्धि हुने हुँदा नियमावलीमा भएको व्यवस्था वमोजिम जटिल प्राविधिक कार्य प्रतिस्पर्धात्मक रुपमा गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । यसका केही उदाहरण निम्न वमोजिम छ ।

| गो भौ नं.,मिति | योजनाको नाम | कार्य सम्पन्न | निर्माण व्यवसायीको नाम | वजेट खर्च रकम |
|---|---|---|---|---|
| १८१,०७५/३/५ | नवलपुर ववला सडक निर्माण | १०९१५८६.८९ | शिद्धेश्वर निर्माण सेवा | १००००००.०० |
| १३,०७४/९/२८ | गाँउपालीका स्तरिय सडक मर्मत | १५१७९७९.१४ | फिक्कल महाकाली निर्माण सेवा प्राली | १३१५२००.०० |
| २२,०७४/१०/११ | पंचासे सोलीडाडा नर्कटे महादेवडाडा सडक | १६२९८४६.०० | फिक्कल निर्माण सेवा सिन्धुली | १४१००००.०० |
| २४,०७४/१०/११ | खोलाखर्क देवीटार सिलुर्गे सडक निर्माण | ३२३९२०३.९२ | फिक्कल निर्माण सेवा प्राली | २८२००००.०० |
| ४६,०७४/११/१३ | महादेवडाडा सिदलि ढाडना मदरा सडक | ३२८३०७१.७८ | फिक्कल निर्माण सेवा प्राली | २८२००००.०० |
| ६३,०७४/१२/१४ | सिदालिधारा माथिल्लो भ्फागरे हेल्थपोष्ट पानी घट्ट सडक | ४४२९६७२.५८ | शिद्धेश्वर निर्माण सेवा प्राली | ३७६००००.०० |

३७. **गाँउपालीका स्तरीय मोटरवाटो निर्माण कार्यः** गाँउपालीकाले यो वर्ष गाँउपालीकाका सवै वडामा वर्षातमा पहिरो गएको स्थानमा सडक मर्मत गर्ने कार्यको लागि पहिलो गाँउसभावाट वजेट विनियोजन नभएकोले गाँउकार्यपालीकाको मिति २०७५।७८ को निर्णयले विभिन्न वडाका सडकहरु मर्मतको लागि उपभोक्ता समिति मार्फत कार्य गराउनका लागि मुल्य अभिवृद्धि कर समेत रु.१५१०१४८।१३ को लागत अनुमान गरि रु.१५१७९७९।१४ को कार्यसम्पन्न गरि रु.१३१५२००।०० भुक्तानी गरेको सम्वन्धमा देखिएका व्यहोराहरु देहाय

<table>
<tr><td></td><td>वमोजिम रहेका छन ।</td><td></td></tr>
<tr><td>३८.</td><td>गाँउपालीकावाट मर्मत भएका विभिन्न सडकको लागत अनुमान तथा प्राविधिक मुल्याकंनमा सडक खण्ड खुलाई चेनेज कायम गरि लागत अनुमान तथा प्राविधिक मुल्याकंन गर्नुपर्नेमा लागत अनुमान तथा प्राविधिक मुल्याकंनमा चेनेज खुलाएको देखिएन । जसले गर्दा कुन स्थानमा पहिरो पन्छाउने कार्य भएको एकिन हुन सकिएन । लागत अनुमान तथा निर्माण पश्चात प्राविधिक मुल्याकंन गर्दा चेनेज खुलाएर गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९.</td><td>प्राविधिक मुल्याकंन अनुसार कुल २१४५६।६९ घनमिटर पहिरो पन्छाउने कार्य गरेको उल्लेख गरि प्रतिशतका आधारमा १० प्रशित मध्यम चट्टान, २० प्रतिशत नरम चट्टान , ३० प्रतिशत कडा माटो तथा ४० प्रतिशत नरम माटो भनि मुल्याकंनमा एकमुष्ठ समावेश भएको देखिन्छ । सडक निर्माण गर्दा सवै चेनेजमा समान प्रतिशतका आधारमा चट्टान तथा माटोको प्रतिशत नहुने भएकाले समान प्रतिशतका आधारमा भएको मुल्याकंनलाई वास्तविक मान्न सकिएन । प्राविधिकले मुल्याकंन गर्दा चेनेजवाइजको प्रकार कायम गरि मुल्याकंन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.</td><td>निर्माण कार्यको लागत अनुमान गर्दा उपभोक्ता समितिलाई भुक्तानी हुने रकम रु ११६३८९३।८१ मा १३ प्रतिशतका दरले हुने मुल्य अभिवृद्धि कर वापत रु १५१३०६।१९ समावेश भएकोमा उपभोक्ता समितिले मुल्य अभिवृद्धि कर विजक जारी गरेको देखिएन । कार्यालयले १० प्रतिशत भाडाकर वापत उक्त योजनामा रु ९००४७।०० कर कट्टा गरेको तथा इन्धन खरिद गर्दा रु ४७३६६।९१ मुल्य अभिवृद्धि कर भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सार्वजनिक खरिद नियमावलीको पालना गरेको देखिएन । वढि मुल्य अभिवृद्धि कर भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.............</td><td>१०३९३९.२६</td></tr>
<tr><td>४१.</td><td>उक्त कार्यको प्राविधिक मुल्याकंनमा पहिरो पन्छाउने कार्यको लगि समेत नया ट्रयाक खन्ने दर प्रयोग गरी मुल्याकंन गरेको देखिन्छ । पहिरो पन्छाउने कार्य नया स्थानमा खन्ने कार्य फरक कार्य भएकोले फरक कार्यको दर विश्लेषण गरेको समेत देखिएन । तुलनात्मक रुपमा पहिरो पन्छाउने कार्यमा कडा चट्टान तथा नरम चट्टान खन्ने कार्य नहुने भएकोले मर्मत कार्यमा नरम चट्टान २१४५ घनमिटर तथा मध्यम चट्टान ४२९१ घनमिटरको नया स्थानमा खन्ने दर प्रयोग गरि भुक्तानी भएको सम्वन्धमा कार्यलयवाट एकिन गरि वढि भुक्तानीका सम्वन्धमा एकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२.</td><td>पाथिभरा भञ्ज्याङ्ग दमार महादेवडाडा भेडिखोर सडक : गाँउपालीकाले यो वर्ष उपभोक्ता समिति मार्फत पाथिभरा भञ्ज्याङ्ग दमार महादेवडाडा भेडिखोर सडकको सडक मर्मत गर्ने कार्यको कार्य सम्पन्न गरि रु१५०००००।०० वजेट खर्च भुक्तानी गर्दा उक्त कार्यको प्राविधिक मुल्याकंनमा ४५९ मिटर वाटो ढुगाा सोलीङ्ग गर्ने कार्यको लागि वास्तवीक कार्य २९६।११ घनमिटर गरेकोमा १० प्रतिशत querry volume थप गरि कुल ३०९।५० घनमिटरको प्रतिघनमिटरको रु २५५३।५० का दरले रु.७९०३१४।६३ मुल्याकंन गरी भुक्तानी गरेको देखियो । उक्त querry volume दर विश्लेषणमानै समावेश गरि दर कायम हुने हुँदा परिमाणनै थप गरि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु..................</td><td>३४१९१.३६</td></tr>
<tr><td>४२.१</td><td>उक्त सडक निर्माणको लागि विभिन्न स्थानमा पहिरो पन्छाउने कार्य गरि कुल ५८८।५० घनमिटर माटो पन्छाउने कार्यको प्राविधिक मुल्याकंनमा देहाय वमोजिमको दर प्रयोग गरि भुक्तनी गरेको नियम सम्मत देखिएन । पहिरो पन्छाउने कार्यको लागि अधिकतम नरम माटो खन्ने दर प्रयोग गरि हुन आउने रकम वाहेक वढि मुल्याकंन गरेको रकम असुल गर्नुपर्ने देखिएको रु.....
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>अधिकतम दर</th><th>फरक रकम</th></tr>
<tr><td>नरम माटो</td><td>११७.७०</td><td>५३.०६</td><td>५३.०६</td><td>-</td></tr>
<tr><td>कडा माटो</td><td>२०५.९७</td><td>६३.७८</td><td>५३.०६</td><td>२२०८.००</td></tr>
<tr><td>नरम चट्टान</td><td>२०५.९७</td><td>८५.७८</td><td>५३.०६</td><td>६७३९.३३</td></tr>
<tr><td>कडा चट्टान</td><td>५८.८५</td><td>१३२.३३</td><td>५३.०६</td><td>४६६५.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१३६१२.३३</td></tr>
</table></td><td>१३६१२.३३</td></tr>
<tr><td>४२.२</td><td>उक्त सडक निर्माणको लागि ३५०० मिटरमा ४ मिटर चौडाई र ०.३५ मिटर उचाई लेभलिङ्ग गर्ने कार्यको गरि कुल ४९०० घनमिटर माटो लेभलिङ्ग गरेकोमा प्राविधिक मुल्याकंनमा देहाय वमोजिम प्रतिशतका आधारमा छुट्याई नया ट्रयाक खन्ने कार्यको दर प्रयोग गरि भुक्तानी गरेको देखिएकोले छुट्टै दर विश्लेषण वेगर वाटो</td><td></td></tr>
</table>

खन्ने दर प्रयोग गरि देहाय वमोजिम भुक्तानी गरेको देखियो ।लेभलिङ्ग गर्ने कार्यको लागि प्रतिशतका आधारमा नरम माटो, कडा माटो, नरम चट्टान तथा मध्यम चट्टान छुट्याई मुल्याकंन गर्नु मनासिव देखिएन । लेभल मिलाउने कार्यकोलागि अधिकतम नरम माटो खन्ने दरलाई मुल्याकंन गर्दा हुने रु.२५९९९४।०० भन्दा वढि भुक्तानी गरेको सम्वन्धमा कार्यालयवाट एकिन गरि असुल गर्नुपर्ने देखिएको रु...... १५२१८४.२

| विवरण | परिमाण | दर | अधिकतम दर | फरक रकम |
|---|---|---|---|---|
| नरम माटो | ४९०० घ.मि को १० % | ५३.०६ | ५३.०६ | - |
| कडा माटो | ४९०० घ.मि को ३५ % | ६३.७८ | ५३.०६ | १८३८४.८० |
| नरम चट्टान | ४९०० घ.मि को ३५ % | ८५.७८ | ५३.०६ | ५६११४.८० |
| कडा चट्टान | ४९०० घ.मि को २० % | १३२.३३ | ५३.०६ | ७७६८४.६० |
| जम्मा | | | | १५२१८४.२ |

४३. **तिनघरे सडक निर्माण:** गाउपालिकाले यो वर्ष तिनघरे सडक निर्माणको लागि रु.५४४५१४।५८ को मुल्याकंन गरि रु.५०००००।०० वजेट खर्च गर्दा प्रथम रनिङ्ग विलमा चेनेज नं ०+००० वाट चेनेज नं.०+६९० सम्मको लागि मुल्याकंन गरि रु ४४८४४४।८२ को प्राविधिक मुल्याकंन गरि भुक्तानी गरेकोमा पुनः सोही चेनेजमा माटोको मात्रामा मात्र परिवर्तन गरि अन्तिम मुल्याकंन गरि रु. ९६०६९।७६ रकम थप भुक्तानी गरेको नियम सम्मत देखिएन । एउटै चेनेजमा २ पटक मुल्याकंन गर्दा फरक फरक प्रकार र परिमाण देखिनुले वास्तविक नापजाँचका आधारमा भुक्तानी भएको सम्वन्धमा एकिन हुन सकिएन । यसरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.................... ९६०६९.७६

| विवरण | परिमाण पहिलो र. वि.( घ.मी.) | अन्तिम र. वि(घ.मी.) | परिवर्तन प्रतिशत |
|---|---|---|---|
| नरम माटो | २९४.३१ | २४०.०० | -१८.४५ |
| कडा माटो | १५७२.२५ | १०७०.३४ | -३१.९२ |
| नरम चट्टान | ३१२२.७२ | २३१३.८१ | -२५.९० |
| मध्यम चट्टान | ४७३.८४ | १९८७.७२ | +३१९.४९ |

४४. **मुल्य अभिवृद्धि कर:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विलमा समावेश भएको भन्दा वढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर रु.४६१३२.३६असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.......... ४६१३२.३६

| गो भौ नं.,मिति | योजनाको नाम | भुक्तानी भएको मुअ कर | वास्तविक मुअ कर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| ४१,०७४/११/१९ | सयपत्री महिला समुह भवन निर्माण | १४४१९.०० | ८६१८.०० | ५८०१.०० |
| ७०,०७४/१२/१४ | निगुरे जोरखोला सिचाई कुलो निर्माण | १६५६२.०० | १४४१७.०० | २१४५.०० |
| १७६,०७५/३/३ | फिक्कल गाँउपालीका घडेरि निर्माण | ४३२१८.०० | २४४९६.०० | १८७२२.०० |
| २०१,०७५/३/१८ | मा वि सालुके भवन निर्माण | ४५९९३.३६ | २६५२९.०० | १९४६४.३६ |
| जम्मा | | | | ४६१३२.३६ |

४५. **भत्ता वितरण : ५४,०७४।११।१४,** अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७३ वमोजिम कार्यालयमानै आयोजना भएको कार्यक्रममा भत्ता भुक्तानी गर्न मिल्ने व्यवस्था छैन । गाँउपालीकाले लैंगिक समानता तथा सामाजिक समावेशिकरण शिर्षकवाट गाँउपालीका क्षेत्र भित्रका महिला स्वास्थ्य स्यमसेविकाहरुलाई प्रोत्साहन भत्ता तथा लुगा भत्ता वितरण कार्यक्रम गरेको भनि विभिन्न २० पदाधिकारी तथा कर्मचारीलाई २ दिनको रु.१५००।- का दरले यातायत खर्चवाहेक रु.६०,०००।०० तथा स्वस्य तर्फका विभिन्न ६ कर्मचारीलाई यातायात खर्च वाहेक २ दिनको १००० का दरले रु.१२,०००।- समेत रु.७२,०००।०० भत्ता ६१२००.००

भुक्तानी गरेकोले कर वाहेकको रकम असुल गर्नुपर्ने रु........

४६. **अग्रिम कर :** आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा अग्रीम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाको कार्यालयले यो वर्ष एम्वुलेन्स खरिदका लागि रु.१५०००००।०० वजेट विनियोजन गरि नेपाल सरकारको निर्णय वमोजिम भन्सार छुट गराई सिप्रदी ट्रेडिङ्ग प्रा. ली मार्फत एम्वुलेन्स खरिद गरि रु.१०१२४००।०० भुक्तानी गरेकोमा अग्रिम आयकर कट्टी नगरी भुक्तानी गरेको देखियो । भुक्तानीमा अग्रिम आयकर कट्टा नगरेको रकम असुल गरि दखिला गर्नुपर्ने रु....................... १५१८६.००

४७. **मुल्य अभिवृद्धि कर:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा १० सडक योजनामा मात्र विलमा समावेश भएको भन्दा वढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर रु. ५७८५३९.९३ भुक्तानी भएकोमा निर्माण व्यवसायीले मुल्य अभिवृद्धि कर विजक जारी नगरेकोले कार्यालयवाट वाहार कर कट्टा गरेको देखिन्छ । वहाल कर कट्टा गरेतापनी मुल्य अभिवृद्धि कर तथा वहार कर फरक दर तथा शिर्षक भएकोले फर रकम सम्वन्धमा कार्यालयवाट एकिन असुल गर्नुपर्ने देखिएको रु........ ५७८५३९.९३

<table>
<tr><th>l; g</th><th>of]hgfsf] gfd</th><th>uf=kf= ç'QmfgL /sd</th><th>sfo{;Dkfbg d'Nofsg /sd</th><th>d'=c=s/</th><th>t]n jfktsf] d' c= +s/</th><th>axfn s/</th><th>km/s /sd</th></tr>
<tr><td>1</td><td>ufpkflnsf :tl/o af^f]</td><td>१३१५२००.००</td><td>१५१७९७९.१४</td><td>१५१३०६.१९</td><td>३०२६१.२४</td><td>९००७५.००</td><td>३०९६९.९५</td></tr>
<tr><td>2</td><td>l;bfnLwf/f dflyNnf] çmu/] ;*s</td><td>३७६००००.००</td><td>४४२९६७२.६८</td><td>४६०६८५.८८</td><td>९२१३७.१८</td><td>२४७८४७.००</td><td>१२०७०१.७०</td></tr>
<tr><td>3</td><td>vf®;fu+ çGHofu+ lht'vf]nf ;*s lgdf{)f</td><td>१५४०००.००</td><td>१७३५४०७.५५</td><td>१७३०२६.५५</td><td>३४६०५.३१</td><td>९७६३२.००</td><td>४०७८९.२४</td></tr>
<tr><td>4</td><td>;+udrf]s lkm&sn ;*s lgdf{)f</td><td>४०४२०००.००</td><td>४६५३१८६.९९</td><td>४६५००८.८५</td><td>९३००१.७७</td><td>२६२७३०.००</td><td>१०९२७७.०८</td></tr>
<tr><td>5</td><td>v'/x/L dxfd)*n gfubx ;*s dd{t</td><td>९४००००.००</td><td>१०८०१०५.२६</td><td>१०८१४१.५९</td><td>२१६२८.३२</td><td>६११००.००</td><td>२५४१३.२७</td></tr>
<tr><td>6</td><td>lgu"/]vf]nf sfkmnr"/L ;*s</td><td>२३५००००.००</td><td>२७०५००५.४९</td><td>२७०३५३.९८</td><td>५४०७०.८०</td><td>१५२७५०.००</td><td>६३५३३.१८</td></tr>
<tr><td>7</td><td>gfl/dvf]nf &'n('uf+ afxlj;] ;*s lgdf{)f</td><td>२३५००००.००</td><td>२६७३६०१.१७</td><td>२०७९६४.०२</td><td>४१५९२.८०</td><td>१५१०००.००</td><td>१५३७१.२२</td></tr>
<tr><td>8</td><td>vf]nfvs{ b]jL^f/ l;n"u] ;*s lgdf{)f</td><td>२८२००००.००</td><td>३२३९२०३.९२</td><td>३२४४२४.७८</td><td>६४८८४.९६</td><td>१८३१७०.००</td><td>७६३६९.८२</td></tr>
<tr><td>9</td><td>a/d y"DsL*f*f lrp/LvfgL ;*s dd{t</td><td>९४००००.००</td><td>१०८२०५३.२९</td><td>१०८१४१.५९</td><td>२१६२८.३२</td><td>५२८३२.००</td><td>३३६८१.२७</td></tr>
<tr><td>10</td><td>lgu"/]vf]nf &'n('uf+ a|xlj;] ;*s lgdf{)f</td><td>२३५००००.००</td><td>२७०३६४१.०१</td><td>२७०३५३.९८</td><td>५४०७०.८०</td><td>१५३८५०.००</td><td>६२४३३.१८</td></tr>
<tr><td colspan="4">hDdf</td><td>२५३९४०७.४१</td><td>५०७८८१.४८</td><td>१४५२९८६.००</td><td>५७८५३९.९३</td></tr>
</table>

४८. **प्रमाण वेगरको खर्च:** आर्थिक कार्यविधि निमयमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष बजेट खर्च गरि भुक्तानी गरेकोमा देहाय बमोजिमका कार्यक्रममा आवश्यक विल भरपाई वेगर रु.खर्च लेखेको देखियो । बजेट खर्च गरेको विल भरपाई पेश गर्नु पर्ने रु .... २२४९९९.००

| गो. भौ.नं., मिति | विवरण | रकम |
|---|---|---|
| ११३,०७५/१/२ | फिक्कल प्राथमिक विधालय दराज १, कुर्सी १० समेत सामाग्रि दाखिला प्रमाण पेश गर्नुपर्ने | १४९९९.०० |

| | | |
|---|---|---|
| | ६ \| <br>२०३,०७५/३/१९ \| शैक्षिक गुणस्तर स्वरस्वती प्रावि अफिस दराज १, टेवल १ , कुर्सी तथा किताव समेत जिन्सी दाखिला प्रमाण नभएको \| ४५०००.००<br>२०६,०७५/३/२१ \| सुर्योदय प्रावि खनिगाँउ डेक्सवेन्च ३, दराज १, टेवुल १, समेत सामाग्रि जिन्सी दाखिला नभएको \| ६००००.००<br>२०६,०७५/३/२१ \| वालकल्याण प्रा. वि खोखरीडाँडा दराज १, कुर्सी १० , टेवुल १ समेत सामाग्रि \| ४००००.००<br>२३६,०७५/३/२९ \| सिमखोला वसेरी सिचाई पाइप खरिद गरि वडा सचिव कमल वहादुर थापाले भुक्तानी लिएकोमा पाइप वितरण मौज्दातको प्रमाण पेश नभएको \| ६५०००.००<br>जम्मा \| २२४९९९.०० | |
| ४९. | **पूँजीगतबाट चालु खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । गाँउपालीकाको कार्यालयले यो वर्ष सभाबाट पारित गरि रु.६३५६१०.००चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नुपर्ने देखिएको रु……… | ६३५६१०.०० |

| सिं नं. | गो. भौ.नं., मिति | विवरण | रकम |
|---|---|---|---|
| | ४३,०७४/११/११ | महिला स्यमसेविका प्रोत्साहन भत्ता | ४०५०००.०० |
| | ५०,०७४/११/०३ | स्वस्थय चौकी रजिष्टेशन खाना खाजा भुक्तानी | ३०७००.०० |
| | ७४,०७४/१२/१६ | वर्थिङ्ग उद्घाटन चिया खाजा तथा अन्य खर्च | २४९१०.०० |
| | ७७,०७४/१२/१६ | गाडि भाडा भुक्तानी | ४६०००.०० |
| | ११८,०७५/२/१८ | लाससदगत खर्च भुक्तानी | २५०००.०० |
| | १८२,२०७५/३/१८ | पुर्णखोप घोषणा खाना तथा खाजा खर्च | २३०००.०० |
| | २१६,०७५/३/२४ | परेवा थुम्की प्रावि स्यमसेविका तलव भुक्तानी | २७०००.०० |
| | २१९,०७५/३/२४ | कोल्वोट प्रा वि स्यमसेवीका तलव भुक्तानी | २७०००.०० |
| | २१९,०७५/३/२४ | गौरी प्रा वि स्यमसेवीका तलव भुक्तानी | २७०००.०० |
| **जम्मा** | | | **६३५६१०.००** |

| | | |
|---|---|---|
| ५०. | **वडा कार्यालय भवन निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्वन्धीत सार्वजनिक निकायले खटाएको प्राविधिक जनशक्तिवाट निर्माण कार्यको प्राविधिक जाँचपास गराई वास्तविक मुल्याकंनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले वडा नं. ५ को वडा कार्यालय भवन निर्माणको लागि रु.४४१६५५४।०० को लागत अनुमान तयार गरि उक्त निर्माण कार्यको प्राविधिक मुल्याकंन रु.४४१६५५४ नै गरि गाँउपालीकावाट रु.४०,००,०००।०० भुक्तानी गर्दा प्राविधिक नापजाँचमा निर्माणको लागि खन्ने तथा मुख्य स्ट्रक्चरको कार्यको प्राविधिक मुल्याकंन रु.४०१५०४९।९० भएकोमा सोको ५ प्रतिशत इलेक्ट्रीक कार्य तथा ५ प्रतिशत सेनीटरी तथा पानी सप्लाईको कार्य भनि रु ४०१५०४।९८ मुल्याकंनमा समावेश गरि भुक्तानी गरेको देखियो । प्राविधिक मुल्याकंनमा सामानको आइटम र दर उल्लेख नगरी सोझै प्रतिशतका आधारमा मुल्याकंन गरि भुक्तानी भएको नियम सम्मत देखिएन । कार्यालयवाट निर्माण कार्यको आइटमवाइज मुल्याकंन गरि प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु……. | ४०१५०४.९८ |
| ५१. | **सिँउडिवोट खुरहरी सडक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकम भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले यो वर्ष सिँउडिवोट खुरहरी सडक निर्माणका लागि रु १००००००।०० वजेट विनियोजन गरी सो निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यको प्राविधिक मुल्याकंन गर्दा चेनेज नं ०+००० वाट चेनेज नं.१+७१० सम्मको निर्माण तथा विभिन्न स्थानमा लेभलिङ्ग गर्ने कार्यको प्राविधिक मुल्याकंन १६४० घनमिटरलाई प्रतिशतका आधारमा फरक फरक माटो कटिङ्ग गरेको दरका आधारमा भुक्तानी गरेको नियम सम्मत देखिएन । चेनेज | |

| | | |
|---|---|---|
| | समेत नखुलाई लेभलिङ्ग कार्य भनि प्राविधिक मुल्याकंन गरि भुक्तानी गरेको सम्वन्धमा एकिन हुन सकिएन । चेनेज नखुलाई परिमाण मात्र राखि भुक्तानी भएको योजनाका सम्वन्धमा कार्यालयवाट एकिन गर्नुपर्दछ । | |
| ५२. | **सडक सौर्यवत्ती :** गाँउपालीकाको सडक क्षेत्रमा सडक सौर्यवत्ति जडान कार्यको लागि गाँउपालीका तथा वैकल्पीक उर्जा प्रर्वद्धन केन्द्रको सयुक्त लागत सहभागितामा उपभोक्ता समिति मार्फत २० वटा सौर्यवत्ति जडान गर्ने कार्यको लागि रु. १८,२४,७६०।०० लागत अनुमान तयार गरि गाँउपालीकावाट रु ५७१४७०।०० तथा वैकल्पीक उर्जा प्रर्वद्धन केन्द्रवाट रु. १३३३२९०।०० व्यहोर्ने गरि सम्झौता भै जडान कार्य सम्पन्न भएकोमा उपभोक्ता समितिले साहारा नेपाल सोलार प्रा ली वाट सोलार सम्वन्धि सम्पुर्ण सामान तथा जडान कार्य गराएकोमा लागत अनुमानमा समावेश भएको विक्रि पछिको सेवाका लागि मुल्याकंन भएको रु.४५२००।०० समेत अग्रिम भुक्तानी गरेको देखिएकोले सेवानै उपलव्ध नगराई भुक्तानी गरको रकम असुल गर्नुपर्ने देखिएको रु................ | ४५२००.०० |
| ५२.१ | उल्लेखित सौर्यवत्ति जडान गर्दा लागत अनुमानमा सोलार प्यानल १५० WP को जडान गर्नुपर्ने उल्लेख गरेकोमा साहारा नेपाल सोलार प्रा.लीले १०० WP को क्षमता भएको प्यानल जडान गरेकोले रु.१०००००।०० भुक्तानी कट्टा गरेको देखिएतापनी आवश्यक सामाग्री जडान नगरेको कार्य समेत स्विकार गरि कट्टा गरेको नियम सम्मत देखिएन । प्राविधिक मुल्याकंनमा कम क्षमताको प्यानल जडान गर्दा आवश्यक कार्य गर्न नसक्ने भएकोले यस सम्वन्धमा कार्यालयले छानविन गरि एकिन गर्नुपर्दछ । | |
| ५२.२ | सडक वत्ति जडान गर्दा Lithum iron 60 AH, 12 V Battary को ५ वर्षको ग्यारेन्टी तथा वारेन्टी सम्वन्धमा सप्लायर्सवाट उल्लेखित वारेण्टी तथा ग्यारेण्टी पेश गरेको प्रमाण पेश हुन आएन । जडान कार्य उपभोक्ता समिति मार्फत गराएको देखिदा उल्लेखित वारेण्टी प्रमाण लिनुपर्दछ । | |
| ५३. | **खानीखोला पेल्ट्रीक सेट मर्मत:** कार्यालयले लागत अनुमान तथा प्राविधिक मुल्याकंन गर्दा वास्तविक मुल्यका आधारमा गर्नुपर्दछ । गाँउपालीकाले यो वर्ष खानीखोला पेल्टीक सेट मर्मतका लागि रु ५०००००।०० वजेट विनियोजन गरि सोको प्राविधिक मुल्याकंन समेतका आधारमा रु.५००,०००।०० वजेट खर्च लेखेकोमा प्राविधिक मुल्याकंनमा ६ मिटर स्टीलपोलको लागि मुल्य अभिवृद्धि वाहेक प्रतिपोल रु.११०२५।०० को लागत अनुमान तथा प्राविधिक मुल्याकंन गरि रु २४९१६५।०० मुल्याकंन भएको स्थानीय दररेट कायम नभएको ,जिल्लादर रेट समेत कार्यालयमा नरहेकोले, नेपाल विधुत प्राधिकरणले ८ मिटर Galvanised Stell Tubelar पोलको प्रतीपोल मुल्य अभिवृद्धि कर समेत रु.११४००।- को लागत अनुमान गरेको देखिन्छ । ८ मिटर पोलका लागि ११४००।- मात्र लाग्नेमा ६ मिटर पोलको रु.१२२६०।०० का दरले भुक्तानी गरेकोले प्राधिकरणको दर भन्दा वढि भुक्तानी भएको रकम असुलगर्नुपर्ने देखिएको रु..... | १७२००.०० |
| ५४. | **खोलागाँउ भलिवल खेलमैदान:**१३१,०७५।२।१०, निर्माण कार्यको भुक्तानी गर्दा वास्तविक नाप जाँचको आधारमा मात्र भुक्तानी गर्नुपर्दछ । गाँउपालीकाको कार्यालयले यो वर्ष वडा नं. ३ खोलागाँउ भलिवल खेल मैदान निर्माणको लागि रु.३०००००।०० वजेट विनियोजन गरि उपभोक्ता समिति मार्फत निर्माण कार्य गरि रु.२८८०००।०० वजेट खर्च लेखेको देखिन्छ । उक्त निर्माण कार्यमा हेभि मेशीन प्रयोग गरि माटो काट्ने तथा पुर्ने कार्य गरेकोमा पुर्ने कार्यको लागि कुल १११५ घनमिटर माटो परेकोमा उक्त कार्यको मुल्याकंन गर्दा मानिसले पुर्ने दर रु.१६७।३८ प्रतिघनमिटर प्रयोग गरि रु. १८६६५६।६० मुल्यकंन गरेको देखिन्छ । मेशिनले माटो पुर्ने कार्य गर्दा छुट्टै दर विष्लेशण गरि भुक्तानी गर्नुपर्नेमा मानिस दर प्रयोग गरि भुक्तानी भएको देखिएकोले नरम माटो काट्ने दरले हुने रु.५९१३९।०५ भन्दा वढि भुक्तानी असुल गर्नुपर्ने देखिएको रु................. | १२७५१७.५४ |
| ५५. | **विगतवर्षको दायित्व:** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ४०(७) वमोजिम चालुवर्षको बजेटले नखाम्ने गरि वढि खर्च गरि दायित्व सृजना गर्न नहुने तर विशेष कारणवाट त्यस्तो दायित्व सृजना भएमा विल भरपाई वमोजिमको रकम आगामि वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी दिन वाँकीको कच्चावारी कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले साविक जिल्ला विकास समितिवाट छनौट भई कार्यान्वयन भएका देहाय वमोजिमका पुल निर्माण कार्यको भुक्तानी गरेको देखियो । सम्झौता अनुसार साविक गाँउ विकास समितिले व्यहोर्नुपर्ने सम्पुर्ण रकम हाल गाँउपालिकावाट भुक्तानी भएको देखिन्छ । सम्झौताको अवधि लामो भैसकेकोमा गतविगत वर्षमा के कति भुक्तानी भएको भन्ने कुने अभिलेख समेत नरहेको, निर्माण कार्यको सम्पन्न | १६६२१.१६ |

| | | |
|---|---|---|
| | प्रतिवेदन समेत संलग्न नरहेको, गाँउविकास समितिले भुक्तानीको दायित्वको अभिलेख नरहेकोले भुक्तानीका सम्वन्धमा एकिन हुन सकिएन । यस सम्वन्धमा छानविन गर्नुपर्ने देखिएको रु................<br><table><tr><td>गो भौ नं., मिति</td><td>योजनाको नाम</td><td>सम्झौता मिति</td><td>भुक्तानी रकम</td></tr><tr><td>१६३,०७५।२।२७</td><td>हल्ने झोलुङ्गेपुल निर्माण</td><td>२०७३/९/२१</td><td>१२९६६६.०२</td></tr><tr><td>१९१,०७५/३/११</td><td>पौतीखोला देउराली झोपु</td><td>२०७१/८/२९</td><td>३६५५५.१४</td></tr><tr><td>**जम्मा**</td><td></td><td></td><td>**१६६२२१.१६**</td></tr></table> | |
| ५६. | **विधुतिकरण :** गाँउपालीका क्षेत्रमा विधुतिकरण कार्य गर्नको लागि आर्थिक वर्ष २०७४।७५ मा गाँउपालीकाले रु ९० लाख वजेट विनियोजन गरी उक्त विधुतिकारण कार्यको लागि नेपाल विधुत प्राधिकरण सिन्धुली साखाको लागत अनुमानको आधारमा उक्त निर्माण कार्यको जिम्मेवारी नेपाल विधुत प्राधिकरण सिन्धुली शाखा मार्फत गर्ने सहमति अनुसार कार्यालयले मिति २०७५।२।२८ मा लागत अनुमान वमोजिम हुने रकम रु.८९५१९७४।२८ मा कन्जिनजेन्सीको रकम कट्टा गरि हुने वाँकी रकम रु.८६३७८७०।२८ प्राधिकरणको धरौटी खातामा जम्मा गरेको देखिन्छ । गाँउपालीकाको क्षेत्र भित्र विधुतिकरण सेवा प्रदान गर्नका लागि नेपाल विधुत प्राधिकरण सँग सम्झौता गरि रकम भुक्तानी गर्नुपर्नेमा सम्झौता वेगर भुक्तानी गरेको देखियो । सम्झौता वेगर भुक्तानी गरेकोले हाल आएर विधुत प्राधिकरणले विधुतिकरणको कार्य गर्न नसक्ने जनाई भुक्तानी भएको रकम फिर्ता गरेको कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०७४।७५ मा विधुतिकरण संचालन गर्नका लागि विनियोजन भएको रकम आर्थिक वर्षको अन्त्य सम्म कुनै कार्यवाही नगरी प्राधिकरणलाई जिम्मा दिएको र प्राधिकरणले समेत उक्त कार्य नगर्ने जनाएकोले हालसम्म विधुतिकरणको कार्य अगाडि वढेको देखिएन । यस सम्वन्धमा कार्यालयको ध्यान जानु पर्दछ । | |
| ५७. | **सोखु सालुके दारेगौडा सडक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकम भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले यो वर्षसोखु सालुके दारेगौडा सडकनिर्माणका लागि रु ३००००००।०० वजेट विनियोजन गरी सो निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यको प्राविधिक मुल्याकंन गर्दा नया ट्रयाक तर्फ चेनेज नं ०+००० वाट चेनेज नं.०+४७५ सम्म तथा ढुगेंडाडावाट पुन: नं ०+००० वाट चेनेज नं.०+३५० को निर्माण तथा विभिन्न स्थानमा ६४५० मिटर लेभलिङ्ग तथा ६००० मिटर साइड कटिङ्ग गर्ने कार्यको प्राविधिक मुल्याकंन गरि भुक्तानी गरेको देखिन्छ । चेनेज समेत नखुलाई लेभलिङ्ग कार्य भनि प्राविधिक मुल्याकंन गरि भुक्तानी गरेको सम्वन्धमा एकिन हुन सकिएन । चेनेज नखुलाई परिमाण मात्र उल्लेख गरि रु.३०,००,००।०० भुक्तानी भएको योजनाका सम्वन्धमा कार्यालयवाट एकिन गर्नुपर्दछ । | |
| ५८. | **विधुत पोल खरिद :२११,०७५।३।२२,** कार्यालयले लागत अनुमान तथा प्राविधिक मुल्याकंन गर्दा वास्तविक मुल्यका आधारमा गर्नुपर्दछ । गाँउपालीकाले यो वर्ष वाक्सुखोला खुरहरी झागे लघुजलविधुत आयोजनाका लागि रु.६०००००।०० वजेट विनियोजन गरि सोको प्राविधिक मुल्याकंन समेतका आधारमा रु.६०००००।०० वजेट खर्च लेखेकोमा प्राविधिक मुल्याकंनमा ८ मिटर स्टीलपोलको लागि मुल्य अभिवृद्धि समेत प्रतिपोल रु.१२३८९।३८ को लागत अनुमान तथा प्राविधिक मुल्याकंन गरि २८ वटा पोलको रु.३९२०००।०० मुल्याकंन भएको स्थानीय दररेट कायम नभएको ,जिल्लादर रेट समेत कार्यालयमा नरहेकोले, नेपाल विधुत प्राधिकरणले ८ मिटर Galvanised Stell Tubelar पोलको प्रतीपोल मुल्य अभिवृद्धि कर समेत रु.११४००।- को लागत अनुमान गरेको देखिन्छ । ८ मिटर पोलका लागि ११४००।- मात्र लाग्नेमा खरिद विल समावेश गरि सोही आधारमा मुल्याकंन तथा भुक्तानी गरेकोले प्राधिकरणको दर भन्दा वढि भुक्तानी भएको रकम असुलगर्नुपर्ने देखिएको रु....... | ७२८००.०० |
| ५९. | **वाक्सुखोला दोस्रो तेस्रो जलविधुत आयोजना :** कार्यालयले लागत अनुमान तथा प्राविधिक मुल्याकंन गर्दा वास्तविक मुल्यका आधारमा गर्नुपर्दछ । गाँउपालीकाले यो वर्ष वाक्सुखोला दोस्रो तेस्रो जलविधुत आयोजनालघुजलविधुत आयोजनाका लागि रु.२०,००,०००।०० वजेट विनियोजन गरि सोको प्राविधिक मुल्याकंन समेतका आधारमा रु.२०,००,०००।०० वजेट खर्च लेखेकोमा प्राविधिक मुल्याकंनमा ८ मिटर स्टीलपोलको लागि मुल्य अभिवृद्धि समेत प्रतिपोल रु.१२४५८।२५ को लागत अनुमान तथा प्राविधिक मुल्याकंन गरि २९ वटा पोलको रु.३६१२८९।२५ मुल्याकंन भएको स्थानीय दररेट कायम नभएको ,जिल्लादर | |

| | | |
|---|---|---|
| | रेट समेत कार्यालयमा नरहेकोले, नेपाल विधुत प्राधिकरणले ८ मिटर Galvanised Stell Tubelar पोलको प्रतीपोल मुल्य अभिवृद्धि कर समेत रु.११४०० को लागत अनुमान गरेको देखिन्छ । २९ वटा ८ मिटर पोलका लागि रु ३३०६००।०० मात्र लाग्नेमा खरिद विल समावेश गरि सोही आधारमा मुल्याकंन तथा भुक्तानी गरेकोले प्राधिकरणको दर भन्दा वढि भुक्तानी भएको रकम असुलगर्नुपर्ने देखिएको रु....... | ३०६८९.२५ |
| ६०. | **शैक्षिक गुणस्तर सुधारः** २२०,२०७५।३।२७, गाँउपालीकाले निश्चित कार्यक्रम तथा मापदण्डका आधारमा मात्र अनुदान प्रदान गर्नुपर्नदछ । गाँउपालीकाले यो वर्ष शैक्षिक गुणस्तर सुधारको लागि हंकाली प्राथमिक विधालय सोखु वरडाडालाई रु ४०,०००।०० भुक्तानी गरेको देखिन्छ । विधालयले विधालय व्यवस्थापन समितिको निर्णय, शैक्षिक गुणस्तर सुधार कार्यक्रम वेगर कार्यालय सरसफाई कार्य भनि मस्टरोलका आधारमा रु.४००००।०० वजेट खर्च लेखेको नियसम्मत देखिएन । कार्यक्रम तथा व्यवस्थापन समितिको निर्णय वेगर भुक्तानी गरेको नियम सम्मत नदेखिएकोले उल्लेखित अनुदानका सम्वन्धमा गाँउपालीकाले अनुगमन एकिन गर्नुपर्ने देखिएको रु................. | ४००००.०० |
| ६१. | **अग्रिम आयकर दाखिलाः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ वमोजिम प्रचलित कानुन वमोजिम प्राप्त भएको राजश्व कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको खातामा दैनिक दाखिला गर्नुपर्ने उल्लेख छ । गाउँपालीकाले यो वर्ष विभिन्न रकम भुक्तानी गर्दा कट्टी गरेको कर रकम लेखापरीक्षण अवधि सम्म राजश्व दाखिला गरेको देखिएन । कट्टी गरेको रकम सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने रु......... | १९२८२४.३० |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | समानिकरण पुँजिगत तर्फको वहालकर | १८१०२१.३० |
| २. | कन्टिनजेन्सी तर्फको अग्रिम आयकर तथा वहार कर | ५९४३.०० |
| ३. | स्वास्थ्य चालुतर्फ अग्रिम आयकर | ४२५०.०० |
| ४. | कृषि पुँजिगत तर्फ अग्रिम आयकर | २४०.०० |
| ५. | मर्मत संभार कोष तर्फ अग्रिम आयकर | १३७०.०० |
| **जम्मा** | | **१९२८२४.३०** |

| | | |
|---|---|---|
| ६२. | **सोभैं खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । तर गाउँपालीकाले निम्नानुसारका मितिमा रु.१३७७९०६.०० विभिन्न मेशिनरी सामानहरु तथा सोभैं खरिद देहाय बमोजिमका सप्लायर्सलाई रु.२४,१०,९७३.००मुल्यका फर्निचर सोभैं खरिद गरि भुक्तानी गरेको नियम सम्मत देखिएन । खरिद प्रकृया प्रतिस्पर्धात्मक तवरले गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको रु..... | ३७८८८७९.०० |

| गो भौ नं., मिति | विवरण | सप्लायर्सको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १३९,०७५/२/१३ | विभिन्न फर्निचर खरिद | हुमागाई जेनेरल स्टोर्स | १६१५९०.०० | पुँजिगत |
| ०२,०७४/५/२० | विभिन्न फर्निचर खरिद | कार्की पानी ट्याङ्की फर्निचर उधोग | १०५६५५.०० | |
| ०२,०७४/५/२० | विभिन्न फर्निचर खरिद | भगवति स्टील फर्निचर उधोग | ४३०५३०.०० | |
| ०५,०७४/९/५ | विभिन्न फर्निचर खरिद | कार्की पानी ट्याङ्की फर्निचर उधोग | २०३४००.०० | |
| १३,०७५/२/१३ | विभिन्न फर्निचर खरिद | विभिन्न ४ सप्लायर्स | ५४०६५४.०० | |
| २१,०७५/३/२८ | विभिन्न फर्निचर खरिद | स्मार्टहोम डेकोर र भगवति स्टील फर्निचर | ६२९९१८.०० | |
| २३,०७५/३/२७ | फर्निचर खरिद | भगवती स्टील फर्निचर | ३३९२२६.०० | कन्टिजेन्सी |
| **जम्मा** | | | **२४१०९७३** | |
| ०३,०७४/५/२० | कम्प्युटर ल्यापटप खरिद | स्टार कम्प्युटर सिस्टम | ४६३८६५.०० | |
| ०७,०७४/९/०७ | ल्यापटप खरिद | जेनुन कम्प्युटर सेल्स एण्ड सप्लायर्स | १०८८९९.०० | |
| १३,०७५/२/१३ | ल्यापटप खरिद | जेनुन कम्प्युटर सेल्स एण्ड सप्लायर्स | ८८१३४.०० | |

| | | | | |
|---|---|---|---|---|
| १५,०७५/३/८ | डेक्सटप खरिद | जेनुन कम्प्युटर सेल्स एण्ड सप्लायर्स | ९२६७५.०० | |
| १७,०७५/३/२४ | ल्यापटप खरिद | इभोलुसन ट्रेडिङ्ग प्रा ली | ४१०८३२.०० | |
| ०१,०७४/६/६ | विभिन्न मेशिनरी सामान खरिद | वाग्मती जियो प्राली | १३१६४५.०० | कन्टिजेन्सी |
| ३१,०७५/३/३१ | डेक्सटप खरिद | जेनुन कम्प्युटर सेल्स एण्ड सप्लायर्स | ८१८५६.०० | कन्टिजेन्सी |
| जम्मा | | | **१३७७९०६.००** | |

६३. **अधुरो निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले यो वर्ष देहाय वमोजिमका जटिल सडक योजनाहरुमा देहाय वमोजिम वजेट विनियोजन गरि सम्झौता गरेकोमा सम्झौताको अवधि निर्माण कार्य सम्पन्ननै गर्न नसकी फरक कार्य गरेको तथा अलपत्र परेको देखियो ।कडा चट्टान भएका सडक निर्माणको कार्य विस्तृत सर्भेक्षण वेगर उपभोक्त समिति सँग सम्झौता गरेकोले वाटो निर्माण कार्य अधुरो रहेकोले सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| **सि.नं.** | **योजनाको नाम** | **लागत अनुमान** | **यो वर्षको भुक्तानी** | **कैफियत** |
|---|---|---|---|---|
| १ | दमोर काउले आरुवोट रत्नावती सडक | ३२४८१३९.३८ | २०९८७८०.५२ | कुल ४५०० मिटर वाटो मध्ये ५७० मिटरमात्र खन्ने कार्य गरि अन्य वाटोको साइड कटिङ्ग गरि भुक्तानी गरेको |
| २ | चनौटे भेडिखोर फिक्कल सडक | २२१०६२५.६५ | ५९५७२३.६२ | कुल २३५० मिटर वाटो मध्ये चट्टानका कारण ५७० मिटर वाटो मात्र खनेको |

६४. **कार्यक्रम भत्ता :** अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७३ मा एउटै निकाय वा अर्न्तगतका कर्मचारीहरु कार्यालय समयमा कार्यालय समयमै आयोजना भएको कार्यक्रम वा गोष्ठीमा भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख छ । गाँउपालीकाले विभिन्न ६ वडा कार्यालय अर्न्तगत रहने मेलमिलाप केन्द्रमा रहने सहभागिहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरि भत्ता, खाजा खर्च तथा यातायात खर्च समेत भुक्तानी गरेकोमा कार्यालयका कर्मचारी तथा पदाधिकारीहरुलाई समेत कार्यालय समयमा भएको उक्त कार्यक्रममा यातायात भत्ताको अतिरिक्त देहाय वमोजिम भुक्तानी गरेको देखिएकोले निर्देशिकामा भएको व्यवस्था विपरित भुक्तानी भएको भत्ता रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु................ २२९५०.००

| **सि.नं.** | **विवरण** | **जम्मा भुक्तानी** | **कर वाहेक रकम** |
|---|---|---|---|
| १. | धन वहादुर कार्की | १५००.०० | १२७५.०० |
| २. | श्री चेत वहादुर विश्वकर्मा | १५००.०० | १२७५.०० |
| ३. | श्री टेक वहादुर रजान मगर | १५००.०० | १२७५.०० |
| ४. | श्री गोपाल वहादुर मगर | १५००.०० | १२७५.०० |
| ५. | श्री राजु वराल | १५००.०० | १२७५.०० |
| ६. | श्री खड्ग वहादुर नेपाली | १५००.०० | १२७५.०० |
| ७. | श्री खड्ग वहादुर सुनुवार | १५००.०० | १२७५.०० |
| ८. | श्री चेत वहादुर विश्वकर्मा | १५००.०० | १२७५.०० |
| ९. | श्री फडिन्द्र कुमारी पौडेल | १५००.०० | १२७५.०० |
| १०. | श्री इन्द्रवहादुर क्याप्छाकी | १५००.०० | १२७५.०० |
| ११. | श्री डिल्ली प्रसाद घिमिरे | १५००.०० | १२७५.०० |
| १२. | श्री प्रभुनाथ प्याकुरेल | १५००.०० | १२७५.०० |
| १३. | श्री ठाकुर वराल | १५००.०० | १२७५.०० |
| १४. | श्री डेटराज पहाडी | १५००.०० | १२७५.०० |
| १५. | श्री दिनेश भण्डारी | १५००.०० | १२७५.०० |
| १६. | श्री भोज वहादुर खत्री | १५००.०० | १२७५.०० |

| | | | |
|---|---|---|---|
| १७. | श्री रामकुमार कार्की | १५००.०० | १२७५.०० |
| १८. | श्री ज्योती प्रकाश चौधरी | १५००.०० | १२७५.०० |
| **जम्मा** | | | **२२९५०.००** |

६५. **प्रशिक्षक भत्ताः** अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिका, २०७३ को बुदाँ नं. ७.१.१५ मा तालीम केन्द्रहरु वाहेकले सञ्चालन गर्ने गाँउ नगर स्तरिय तालीम संचालन गर्दा आन्तरिक श्रोत व्याक्तिको हकमा कार्यपत्रको मात्र प्रति कक्षा रु.७०० पारिश्रमिक उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । गाँउपालीकाले विभिन्न ६ वडा कार्यालय अर्न्तगत रहने मेलमिलाप केन्द्रमा रहने सहभागिहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्दा आन्तरिक स्रोत व्याक्तिले कक्षा लिइएकोमा देहाय वामोजिम भुक्तानी गरेको पाइयो । निर्देशिकामा तोकेको भन्दा वढि भुक्तानी भएको रकम असुल गरि दाखिला गर्नुपर्ने रु........... ७८२०.००

| **क.स** | **प्रशिक्षकको नाम** | **कक्षा** | **दर** | **भुक्तानी भएको** | **पाउने रकम** | **वढि भुक्तानी** |
|---|---|---|---|---|---|---|
| १ | पार्वती सुनुवार | १ | ३०००.०० | २५५०.०० | ७००.०० | १९५५.०० |
| २ | शंकर भण्डारी | १ | ३०००.०० | २५५०.०० | ७००.०० | १९५५.०० |
| ३ | भानुभक्त श्रेष्ठ | १ | ३०००.०० | २५५०.०० | ७००.०० | १९५५.०० |
| ४ | नइन्द्रराज राई | १ | ३०००.०० | २५५०.०० | ७००.०० | १९५५.०० |
| **जम्मा** | | | | | | **७८२०.००** |

६६. **भ्युटावर निर्माणः** फिक्कल गाउँपालिका सिन्धुलीको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ को वुदा नम्वर ३(२) मा कुल लागत पैतालिस लाख सम्म भएको स्थानीय सिप, स्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन मात्र उपभोक्ता समिति मार्फत गर्न सकिने उल्लेख छ। गाउँपालिकाले यो वर्ष भ्युटावर निर्माणको लागि रु. तिस लाख बजेट विनियोजन गरि भ्युटावरको दोश्रो तल्लाको निर्माण कार्य गर्न उपभोक्ता समिति सग सम्झौता गरि प्रथम रनिङ विल वापत रु. २३,७१,८८५ तथा दोश्रो तथा अन्तिम रनिङ विल वापत रु.१०२८९७०.१४ समेत रु.३४००८५५.३७ को प्राविधिक मुल्याङकन गरि गाउँपालिकाले ३०,००,००० बजेट खर्च लेखेको देखिन्छ। भ्युटावर जस्तो दिर्घकालिन तथा जटिल प्राविधिक कार्य समावेश भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको नियम संगत देखिएन। निर्माण कार्यमा हुने प्राविधिक त्रुटि त्यसको मर्मत सम्भार जस्ता विषयहरुको जिम्मेवारी उपभोक्ता समिति विघटन भईसकेपछि जिम्मेवारी नलिने हुदाँ जटिल प्राविधिक विषय समावेस भएको निर्माण कार्य प्रतिस्पर्धात्मक तवरबाट गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

६७. भ्युटावरको प्राविधिक मुल्याङकन गर्दा आईटम नं. C (c)मा उल्लेख भएको cutting, bending, placing in position as shown in the drawing and Bending by GF wire of Reinforcement Steel bar for RCC Workका लागि कुल २०७२.६६ किलो ५% परिमाण थप गरि प्राविधिक मुल्याङकन गरेको देखियो। Overlappingको परिमाण दर विश्लेषण मा नै समावेश भई प्रति ईकाई दर कायम हुने हुदाँ थप गरि भुक्तानी भएको रकम असुल गर्नु पर्ने देखिएको रु................................. २७५०५.२९

६८. **फिक्कल गाउँपालिका घडेरी निर्माणः** गाउँपालिका भवन निर्माणको लागि घडेरी सम्याउने तथा घेराबार गर्ने कार्यको लागि कुल १७८८६३२ लागत अनुमान गरि रु. १७५०००० बजेट खर्च लेखेको देखियो। उक्त घडेरी निर्माणको लागि मेसिन लगाई माटो सम्याउने तथा फिलिङ गर्ने कार्य गरेकोमा फिलिङ गर्ने कार्यको लागि प्राविधिक मुल्याङकनमा समावेश भएको ६४६.८८ घनमिटर माटो फिलिङ गरि प्रति घनमिटर १४१.४३ का दरले कुल रु.९१६१३.६७ भुक्तानी गरेको देखियो। व्याक फिलिङ गर्ने कार्यको लागि मेसिन प्रयोग गरेकोमा मानिस दर प्रयोग गरि भुक्तानी गरेको देखिएकोले नरम माटो खन्ने कार्यको दर ५३.६० दरले हुन आउने ३४२२३.४५ भन्दा ५७२९०.२१

| | | |
|---|---|---|
| | वढी रकमका सम्बन्धमा कार्यालयबाट एकिन गरि असुल गर्नु पर्ने देखिएको रु........... | |
| ६९. | **कम्प्युटर खरिदः** २२२,२०७५।०३।२७, आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) बमोजिम खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। यो वर्ष वडा नं. ५ का वडा सचिव ठाकुर वरालले विभिन्न २ विद्यालयलाई कम्प्युटर खरिद गर्ने कार्यको लागि रु. १,००,०००/- पेश्की फस्यौंट गरि ५२०० सोध भर्ना लिएकोमा वडा सचिवले Innovative Business Solution Group PVT. LTD को विजक नं. १७८ मिति उल्लेख नगरेको विलबाट ४ थान कम्प्युटर खरिद गरेको देखिन्छ। उल्लेखित कम्प्युटरहरु गाउँपालिकामा दाखिला भएको देखिएन। खरिद भएका सामग्रीहरु विद्यालयको लागि खरिद गरेको जनाएता पनि सम्बन्धित विद्यालयमा बुझाएको, विद्यालयले जिन्सि खातामा आम्दानी गरेको तथा सप्लायर्सलाई भुक्तानी गरेको रिसिप्ट समेत पेश नभएकोले उल्लेखित प्रमाण पेश गर्नुपर्ने देखिएको रू................ | १०५२०० |
| ७०. | **सुम्नामवेशी खाङसाङ विधुत विस्तारः** गाउँपालिकाले सुम्नामवेशी खाङसाङ विधुत विस्तारको लागि रु. ८४०००० बजेट बिनियोजन गरि विभिन्न निकायबाट पहिले नै प्राप्त भई मौज्जात मा रहेका १८७ थान विधुत पोल गाड्ने कार्यको लागि प्रति पोल ४४६९.२५ का दरले हुने रु. ८३५८४९.७५ प्राविधिक मुल्याङकन गरि रु. ८४०००० बजेट खर्च लेखेको देखिन्छ। पोल गाड्ने कार्यको लागि प्रति पोल ४४६९.४४ लागत कायम गरेता पनि उक्त लागतको दर विस्लेषण गरेको देखिएन। उक्त दर नेपाल विधुत प्राधिकरणले गरेको लागत अनुमानको आधारमा राखेको कार्यालयले जनाएता पनि दर विश्लेषण वेगर भुक्तानी गरेको नियम संगत देखिएन। उक्त दर निर्धारणका सम्बन्धमा दर विश्लेषण तयार गरि वास्तविक कार्यको एकिन गर्न पर्दछ। | |
| ७१. | **योजना तर्जुमा वैठकः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका , २०७३ मा एउटै निकाय वा अर्न्तगतका कर्मचारी कार्यालय समयमानै वसेको गोष्ठि तथा कार्यक्रममा भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख छ । साथै प्रदेश नं. ३ अर्न्तगतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ मा उल्लेख भए वाहेकका सुविधा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुलाई भुक्तानी गर्न मिल्ने देखिदैन । गाँउपालीकाले मिति २०७५।२।१३ मा आयोजना गरेको योजना तर्जुमा सम्वन्धि पुर्व तयार गोष्ठिमा सहभागि कर्मचारी तथा पदाधिकारीहरुलाई यातायात सुविधा उपलव्ध गराईसकेपछि पुन भत्ता भुक्तानी गरको देखिएकोले भत्ता भुक्तानी गरेको विभिन्न ६५ कर्मचारी तथा पदाधिकारीलाई भुक्तानी भएको वैठक भत्ता रु.९७५००।- मा कर कटाई हुन आउने रु.८२८७५।०० असुल गरि संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु...... | ८२८७५.०० |
| ७२. | **खरिद इकाई भत्ताः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७३ मा एउटै निकाय वा अर्न्तगतका कर्मचारी कार्यालय समयमानै वसेको वैठकमा भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख छ । गाँउपालीकाको दैनिक कार्यका लागि गठन भएको खरिद इकाईको वैठक भत्ता भुक्तानी गर्न नमिल्ने भएकोले देहाय वमोजिमको वैठक भत्ता असुल गर्नुपर्ने देखिएको रु................ | ३८२५०.०० |

| सि.नं. | विवरण | वैठक संख्या | दर | जम्मा भुक्तानी | करवाहेकको रकम |
|---|---|---|---|---|---|
| १ | श्री धन वहादुर कार्की | ५ | १५००।०० | ७५००।०० | ६३७५।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | श्री  नइन्द्रराज राई | ५ | १५००।०० | ७५००।०० | ६३७५।०० |
| ३ | श्री संदिप उपाध्याय | ५ | १५००।०० | ७५००।०० | ६३७५।०० |
| ४ | श्री नरायण प्रासद अधिकारी | ५ | १५००।०० | ७५००।०० | ६३७५।०० |
| ५ | श्री प्रभुनाथ प्याकुरेल | ५ | १५००।०० | ७५००।०० | ६३७५।०० |
| ६ | श्री डिल्ली प्रसाद घिमिरे | ५ | १५००।०० | ७५००।०० | ६३७५।०० |
| जम्मा | | | | | ३८२५०।०० |

७३. **अनुगमन खर्च :** अनुगमन भत्ता खर्च सम्वन्धमा गाउपालीकाले छुट्टै कार्यविधि तयार गरि कार्यविधिको अधिनमा रहेर मात्र अनुगमन खर्च भुक्तानी गर्नुपर्दछ ।यस गाउपालीकाले अनुगमनको कार्यविधि तयार नगरी योर्ष देहाय वमोजिम रु.१५४२७५.०० खर्च लेखेको सम्वन्धमा योजना अनुगमन गरेको विस्तृत विवरण,अनुगमन भत्ताको दर, अनुगमन प्रतिवेदनको कार्यान्वयन समेत एकिन नगरी एकमुस्ट रुपमा अनुगमन भत्ता वजेट खर्च लेखेकोले असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु.................

| **गो भौ नं., मिति** | **विवरण** | **जना** | **कर वाहेक रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १५,२०७५/२/११ | अनुगमन खर्च | १५ | ८४१५०.०० | १६ पटक सम्म दैनिक रु ५०० ले खाना खर्च वाहेकको रकम |
| २०,२०७५/२/११ | अनुगमन खर्च | २० | ७०१२५.०० | १३ पटक सम्म दैनिक रु ५०० ले खाना खर्च वाहेकको रकम |
| **जम्मा** | | | **१५४२७५.००** | |

१५४२७५.००

७४. **अग्रिम आयकर:** आयकर ऐन, २०५८ वमोजिम नगदै भुक्तानी हुने खाना तथा खाजा खर्चको रकममा १५ प्रतिशत आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष योजनाको अनुगमन तथा मुल्याकंन गरेको भनि विभिन्न २० कर्मचारी तथा पदाधिकारीलाई दैनिक रु ५०० का दरले रु.१९५०००।०० खाना खर्च भुक्तानी गरेकोमा अग्रिम आयकर कट्टा गरेको देखिएन । नगदै दिइने सुविधामा अग्रिम आयकर कट्टा गर्नुपर्नेमा कट्टा नगरेकोले असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु...........................

२९२५०.००

७५. **भान्से सुविधा:** प्रदेश नं. ३ को प्रदेश सरकार द्धारा मिति २०७५ वैशाख २० गते प्रकासित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को अनुसुचि १ ख वमोजिम गाउँपालिकाका अक्ष्यक्ष उपाध्यक्ष तथा सदस्य  सुविधा  भुक्तानी गर्नु पर्दछ । सो अनुसुचि वमोजिम पदाधिकारीहरुलाई भान्से सुविधा दिन मिल्ने देखिदैन । गाँउपालिकाले मिति २०७४ पुष १ गते देखि २०७५ आषाढ मसान्त सम्मको लागि इन्द्र वहादुर क्याप्छाकी मगरलाई पदाधिकारीको आवासको सरसफाई समेतको कार्य गर्ने गरि भान्से सहयोगी नियुक्त गरि यो वर्ष रु११३६१०।०० वजेट खर्च लेखेको नियम सम्मत देखिएन । प्रदेश सरकारले तोकेको भन्दा वढि सुविधा लिन मिल्ने नदेखिएको रु.........

११३६१०.००

७६. **कन्टिनजेन्सी खर्च:** गाँउपालीकाले यो वर्ष कन्टिजेन्सी वापत विभिन्न योजना वाट कट्टा गरेको रकम रु३८५४८८१ मध्ये रु. ३६०४७९४।०० वजेट खर्च लेखेको पाइयो । प्रत्येक योजनावाट ४ प्रतिशतका दरले कन्टिजेन्सी रकम कट्टा हुने निर्णय गाँउसभावाट भएतापनी कट्टा भएको रकम खर्च गर्ने छुट्टै कार्यविधि तयार गरेको देखिएन । खर्च भएको कन्टिजेन्सी रकम मध्ये रु.१०१५०००।०० मात्र पुँजिगत प्रकृतिका सामान खरिद गर्न प्रयोग भएको देखिन्छ । खर्चको करिव ७२ प्रतिशत रकम चालु प्रकृतिका कार्यमा खर्च भएको देखिन्छ । कन्टिनजेन्सी रकम खर्च गर्दा छुट्टै कार्यविधि तयार गर्नुपर्ने तथा अर्थमन्त्रालयले तय गरेको न्युनतम ५० प्रतिशत रकम पुँजिगत कार्यमा खर्च गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

७७. **रसिद नियन्त्रण खाता** : कार्यालयले आर्थिक वर्षको सुरुमा वडा कार्यालयहरुलाई र कार्यालयले राजश्व फाटमा रसिद बितरण गर्दा रसिद नियन्त्रण खाता अध्यावधिक राख्नुपर्नेमा सो राखेको देखिएन ।

| | | |
|---|---|---|
| ७८. | **राजश्व लेखा** : आर्थिक कार्यविधि नियमावाली २०६४ को परिच्छेद ३ मा राजश्व दाखिला गर्दा नियम १० वमोजिम प्रत्येक कार्यालयले अर्थ मन्त्रालयवाट स्वीकृत राजश्व वर्गीकरणको व्याख्या अनुरुप लगति तथा हसवली राजश्व आम्दानी दाखिला गरि नियम ९ वमोजिम आम्दानि जनाउदा दोहोरो श्रेस्ता प्रणाली अनुसार राजश्व श्रेष्ताको लागि माहालेखा परिक्षकको कार्यालयवाट तोकिएको ढाचामा लेखा अध्यावधिक गरि राख्नुपर्नेमा र लेखा भिड्ने प्रमाणित कागजहरु पनि सिलसिलाबद्ध तरिकाले राखनुपर्नेमा सो राखिएको पाईएन ।यसमा सुधार गर्नुपर्दछ । | |
| ७९. | **राजश्व रकमः**-आर्थिक कार्यविधि नियमावाली २०६४ को परिच्छेद ३ राजश्व दाखिलाको नियम ९ उपनियम ३ वमोजिम कार्यालयले रु.१०००० सम्म को नगदे बुझिलिई त्यस्तो राजश्व रकम दैनिक रुपमा सम्वन्धित खातामा जम्मा गर्नु पर्ने र नगद राजश्व आम्दानि बैङ्क दाखीला विवरणमा प्रविष्ट गर्नुपर्ने छ ।दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरि ७ दिन भित्र त्यस्तो नगद बैङ्क दाखिला गर्नुपर्ने छ ।तर कार्यालय हाताभित्र नै बैङ्क सुविधा उपलब्ध भएको अवस्थामा भने नगद बुझन पाईने छैन भने उल्लेख छ ।कार्यालयले आम्दानी १०००० भन्दा बढि रकम नगदै बुझेको र नगद आम्दानी ढिला दाखिला गरेको छ । यसमा सुधार गर्नु पर्दछ । | |
| ८०. | **मासिक सिवेदन :** आर्थिक कार्यविधि २०६४ को परिच्छेद ३ नियम ११ बमोजिम आय आम्दानि गर्ने प्रत्येक वडा कार्यालयले सम्वन्धित बैङ्कमा जम्मा भएको राजश्वको बैङ्क हिसाब मिलान गरी महिना भुक्तानि भएको ७ दिन भित्र मासिक विवरण तयार गरी कार्यालयमा पठाउनु पर्नेमा सो तयार नगरेको, नियम ११ को प्रतिवेदनको अतिरिक्त तालुक कार्यालयले माग गरे बमोजिमको प्रतिवेदन तथा विवरण राजश्व आर्जन गर्ने कार्यालयमा पेस गर्नु पर्नेमा सो गरेको देखिएन।कार्यालय प्रमूखले प्रत्येक महिना आय उठ्न छुट भए नभएको र राजश्व लेखा तथा दाखिलाको निरिक्षण गरि राजश्व हिनामिना भए वा नभएको र नियम १० बमोजिम लगति तथा हसवाली राजश्व लेखा रहेनरहेको यकिन गर्नु पर्ने उल्लेख भएकोमा कार्यालय प्रमुखले वा निजले तोकेको पदाधिकारीवाट निरिक्षण गरेको पाइएन । | |
| ८१. | **वढि निकासा फिर्ता:** जनजागृति मा.वि. ढोडेनीमा चौमासिक निकासा रकम उपलब्ध गराउँदा नियमानुसार निकासा दिनुपर्ने भन्दा बढी रकम निकासा गएको देखिएकोमा सम्बन्धित विद्यालयले २०७५/०३/३१ गतेगाउँपालिकाको सञ्चितकोष खातामा उक्त रकम जम्मा गरेकोमा गाउँपालिकाबाट संघीयसरकार सञ्चितखातामा फिर्ता भएको नदेखिएको हुँदा उक्त रकम संघीय सरकारको बेरुजु खातामा दाखिला गर्नुपर्ने रु. --------------- | ९१६४०.०० |
| ८२. | शिद्धेश्वरी प्रा.वि.पोटी खाङसाङको प्रथम चौमासिक निकासा दिंदा नियमानुसार निकासा दिनु पर्ने भन्दा रु. ७,२००/०० बढी निकासा दिएको देखिएकोले बढी निकासा दिएको रकम बिद्यालयबाट असुल गरी संघीय सञ्चित कोष बेरुजु खातामा दाखिला गर्नु पर्ने रु. ------------------- | ७२००.०० |
| ८३. | शिद्धेश्वरी प्रा.वि.पोटी खाङसाङका शिक्षक भिम प्रसाद तिमल्सीनालाई २०७५ वैशाख देखि आषाढसम्म रु. ७८३/०० का दरले १ ग्रेडको रकम क.सं.कोष थप समेत बढी निकासा दिएको देखिएकोले बढी निकासा दिएको रकम बिद्यालयबाट असुल गरी संघीय सञ्चित कोष बेरुजु खातामा | २५८३.९० |

दाखिला गर्नु पर्ने रु. -----------

८४. **विधालयगत निकासा खाता:**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ बमोजिम अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक भएको भन्ने कुरामा विश्वस्त हुन कुनै पनि काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी तथा निकायबाट गरिएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले विद्यालयहरुलाई चौमासिक निकासा दिदा सोको अभिलेख, पाठ्यपुस्तक तथा छात्रवृति भुक्तानी चौमासिक रुपमा भिन्नाभिन्नै विधालयगत अभिलेख खाता राखि सोही अनुरुप निकासा रकम चढाउने गरेको देखिएन जसले गर्दा सबै विधालयको निकासा भिडान गर्न सक्ने स्थिति रहेन । तसर्थ चौमासिक निकासा विश्वसनयि एवं भरपर्दो बनाउन विद्यालयहरुको चौमासिक निकासाको विद्यालयगत अभिलेख खाता राख्नुपर्दछ ।

८५. **बढी तलब :** स्थानीयतहका पदाधिधकारीहरुलाई तलव भत्ता खर्च लेख्दा प्रदेश नं.३ प्रदेश सरकारको जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा व्यवस्था भए बमोजिम भुक्तानी गर्नु पर्दछ । सो ऐन बमोजिम निम्नानुसार जन प्रतिनिधिहरुले २०७५ जेष्ठ ८ गते देखि सफद ग्रहण गरि पदवाहाली भएकोमा २०७४ जेष्ठ ४ गते देखिको तलब सुविधा भुक्तानी गरेको देखियो । पद वहाली गर्नुभन्दा अघिको तलव भुक्तानी गर्न नमिल्ने भएकोले वढी तलब असुल हुनु पर्ने रु............ १६७९३.००

| सि.नं. | पदाधिकारीको नाम दर्जा | बढी तलब | १% कर | वाकी रकम |
|---|---|---|---|---|
| १. | अध्यक्षश्री धन बहादुर कार्की - | ४००० | ४० | ३९६० |
| २. | उपाध्यक्षश्री पार्वती सुनुवार | ३३३० | ३३ | ३२९७ |
| ३. | वडा अध्यक्ष श्री चेत बहादुर वि.क | २६६० | २६ | २६३४ |
| ४. | वडा अध्यक्ष श्री शंकर बहादुर भण्डारी | २६६० | २६ | २६३४ |
| ५. | वडा अध्यक्ष श्री गोपाल बहादुर आले | २६६० | २६ | २६३४ |
| ६. | वडा अध्यक्ष श्री खडग बहादुर नेपाली | २६६० | २६ | २६३४ |
| | जम्मा | १७९७० | | १६७९३ |

८६. **बैठक भत्ता भुक्तानी :-** स्थानीयतहका पदाधिकारीहरुलाई वैठक भत्ता भुक्तानी गर्दा प्रदेश नं.३ प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ अनुसार भुक्तानी गर्नु पर्दछ । उक्त ऐनमा विढायन समिति लेखा समिति, अनुशासन समिति र न्यायिक समितिको वैठक वस्दा वढीमा वार्षिक १२ वटा वैठकको मात्र भत्ता भुक्तानी गर्नुपर्ने देखिन्छ । तर ऐन विपरित वडा समितिको वैठक वसेको भनि देहाय अनुसार वैठक भत्ता भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु......... ८४१५००.००

| सि.नं. | वडा नं. | पदाधिकारी संख्या | वैठक संख्या | भुक्तानी | कर कट्टी | असूल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| १. | १ | ५ | ३० | १५०००० | २२५०० | १२७५०० |
| २. | २ | ६ | ३० | १८०००० | २७००० | १५३००० |
| ३. | ३ | ५ | ३० | १५०००० | २२५०० | १२७५०० |
| ४. | ४ | ६ | ३० | १८०००० | २७००० | १५३००० |
| ५. | ५ | ६ | ३० | १८०००० | २७००० | १५३००० |
| ६. | ६ | ५ | ३० | १५०००० | २२५०० | १२७५०० |
| | | | | | जम्मा | ८४१५०० |

८७. **संचार सुविधा :** स्थानीयतहका पदाधिकारीहरुलाई वैठक भत्ता भुक्तानी गर्दा प्रदेश नं.३ प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ अनुसार भुक्तानी गर्नु पर्दछ । उक्त ऐनमा पदाधिकारी तथा अन्यलाई संचार सुविधा मासिक रुपमा अध्यक्षलाई १५००।- उपाध्यक्षलाई १,०००। - र वडा अध्यक्षलाई रु.८००।- का दरले भुक्तानी गर्नुपर्नेमा वढी दरमा भुक्तानी गरेको एवं वडा सदस्यलाई र सचिवलाई समेत भुक्तानी गरेकोले वढी भुक्तानी असूल गर्नुपर्ने रु. ११०४००/-

| सि.नं. | वडा नं. | खर्च रकम | भुक्तानी गर्नुपर्ने | वढी भुक्तानी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | १ | २८००० | ९६०० | १८४०० |
| २. | २ | २८००० | ९६०० | १८४०० |
| ३. | ३ | २८००० | ९६०० | १८४०० |
| ४. | ४ | २८००० | ९६०० | १८४०० |
| ५. | ५ | २८००० | ९६०० | १८४०० |
| ६. | ६ | २८००० | ९६०० | १८४०० |
| | | | जम्मा | ११०४०० |

८८. **पानी विजुली महसुल :-** अर्थ मंत्रालयको वजेट खर्च व्याख्या अनुसार पानी महसुल र विधुत महसुल वापतको रकम खर्च गर्दा महसुल तिरेको विलको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर ६ वटा वडा कार्यालयहरुलाई वार्षिक रु.२४०००।- का दरले विनियोजन भएको पानी विजुली महसुल वापतको रकम मिनिरल वाटर खरिद खर्च लेखेको रु.१४४०००।- अनियमित रु........................................ — १४४०००.००

८९. **बैठक भत्ता :-** प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा वैठक भत्ता भुक्तानी गर्दा विधायन समिति लेखा समिति सुशासन समिति र न्यायिक समितिका सदस्यलाई मात्र वार्षिक १२ वटा सम्मको वैठक भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस्तो वैठक भत्ता प्रति वैठक रु. ५००।- दरले भुक्तानी गर्नुपर्नेमा वैठक भत्ता भुक्तानी नै गर्न नमिल्ने देहाय समितिलाई भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु.............. — १०८२३०५.००

| भौ नं/मिति | बैठकको किसिम | बैठक संख्या | पदाधिकारी संख्या | जम्मा रकम | कर कट्टी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १४/०७४/६/१४ | विषयगत समिति | ४ | १२ | ३४०००।- | ५१००।- | २८९००।- |
| ३५/०७४/८/१२ | विषयगत समिति | ४ | ६ | १५०००।- | २२५०।- | १२७५०।- |
| ३५/०७४/८/१२ | पदपूर्ति समिति | ३ | ६ | २२३००।- | ३३४५।- | १८९५५।- |
| ३५/०७४/८/१२ | पदपूर्ति समिति | ५ | ८ | ३१०००।- | ४६५०।- | २६३५०।- |
| ३५ख/०७४/८/१४ | नागरिक वडापत्र तयारी | १ | १३ | १३०००।- | १९५०।- | ११०५०।- |
| ३५ख/०७४/८/१४ | नागरिक वडापत्र तयारी | २ | १६ | ३२०००।- | ४८००।- | २७२००।- |
| ८३/०७४/१०/२१ | सामाजिक समिति | २ | ६६ | १३२०००।- | १९८००।- | ११२२००।- |
| ८३/०७४/१०/२१ | क्षमता अभिबृद्धि तालिम सचिवहरु | २ | ९ | २७०००।- | ४०५०।- | २२९५०।- |
| १०५/०७४/११/१४ | घरभाडा निर्धारण समिति | १८ | २७ | ३५५५००।- | ५३३२५।- | ३०२१७५।- |
| १३२/०७५/०१/२० | दोश्रो गाउँसभा बैठक | ५ | ३६ | २६२५००।- | ३९३७५।- | २२३१२५।- |
| १३२/०७५/०१/२० | दोश्रो गाउँसभा बैठक | ४ | ५ | ३००००।- | ४५००।- | २५५००।- |
| १६२/०७५/०१/३१ | राजस्व सुधार कार्ययोजना | २ | ४१ | ८२०००।- | १२३००।- | ६९७००।- |
| १४५/०७५/१/२१ | विषयगत समिति | ७ | १० | ५७०००।- | ८५५०।- | ४८४५०।- |
| १२२/०७४/१२/१९ | दोश्रो गाउँसभा बैठक | ४ | ३० | १८००००।- | २७०००।- | १५३०००।- |
| | | | | | | १०८२३०५/- |

९०. **वुझेको भरपाई :**२१२,०७५/०३/०८, आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । निम्न सप्लार्यसहरुलाई चेक भुक्तानी भएकोमा उक्त सप्लायर्सहरुले बुझेको भरपाई पेश नभएकोले वुझेको भरपाईगर्नु पर्ने रु..... — १०६६३२।००

| विवरण | रकम |
|---|---|
| १.बजार मिडिया एडर्भटाईजिङ्ग एजेन्सी प्रा.लि. | ९८६३३।- |
| २. भिजन एफ.एम ९०.५ मेगाहर्ज | ८०००।- |
| | **१०६६३२।-** |

९१. **अन्य कार्यालयको खर्च :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५(२)क रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाकी छ भने मात्र भुक्तानी दिनुपर्नेमा निम्न अनुसार अन्य कार्यालयलाई खर्च लेखेको सम्वन्धित कार्यालयबाट उक्त खर्च भुक्तानी भए नभएको एकिन गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेको रकम नियमित नदेखिएको रु........ — १५३९०४.००

| भौ नं/मिति | भुक्तानी भएको कार्यालय | भुक्तानी को विवरण | भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ७६/०७४/१०/१२ | अस्थायी प्रहरी चौकी खाडसाङ | डिजिले खरीद | २५०००।- |
| १०७/०७४/११/१४ | बाताबरण उर्जा तथा जलबायु अधिकृत संदीप उपाध्याय | दैनिक भ्रमण भत्ता | ११२००।- |
| १२९/०७४/१२/२७ | ज १च १७०९ | गाडी मर्मत | १२००।- |
| १२९/०७४/१२/२७ | ज ९ प ८७५१ | टायर खरीद | ५२००।- |
| १२९/०७४/१२/२७ | नम्वर नखुलेको | डिजिले खरीद | ४०५४।- |
| १३१/०७४/१२/२८ | फोरम्यान ईलेक्टीक संगिता थापामगर | दैनिक भ्रमण भत्ता | १५६००।- |
| १३७/०७५/१/२३ | वडा अध्यक्ष खडग बहादुर नेपाली | मोटरसाईकल मर्मत | ७५००।- |
| १३७/०७५/१/२३ | कार्यपालिका सदस्य श्री टंकमाया बुढाथोकी | दैनिक भ्रमण भत्ता | ९४००।- |
| १३७/०७५/१/२३ | बाताबरण उर्जा तथा जलबायु अधिकृत संदीप उपाध्याय | सोलार बितरण सहजिकरण | १०५००।- |
| १३७/०७५/१/२३ | कार्यालय सहयोगी श्री यादवनाथ चौलागाई | दैनिक भ्रमण भत्ता | ६०५०।- |
| १७०/०७५/२/२ | कम्प्युटर अपरेटर श्री रण बहादुर मगर | दैनिक भ्रमण भत्ता | ५०००।- |
| १७०/०७५/२/२ | अमिन बैजुनाथ यादब | दैनिक भ्रमण भत्ता | ५०००।- |
| १७०/०७५/२/२ | अमिन सुवास चन्द्र यादव | दैनिक भ्रमण भत्ता | ५०००।- |
| १७०/०७५/२/२ | कार्यालय सहयोगी देवी ढुङ्गेल | दैनिक भ्रमण भत्ता | ४०००।- |
| १७०/०७५/२/२ | मृगेन्द्र कटुवाल | दैनिक भ्रमण भत्ता | ५०००।- |
| १७०/०७५/२/२ | कार्यालय सहयोगी जित बहादुर खत्री | दैनिक भ्रमण भत्ता | ५०००।- |
| १७०/०७५/२/२ | नापी अधिकृत छत्र बहादुर लुङ्गेली | दैनिक भ्रमण भत्ता | ११०००।- |
| १७०/०७५/२/२ | संदीप उपाध्याय | दैनिक भ्रमण भत्ता | ७५००।- |
| २१३/०७५/३/१० | संदीप उपाध्याय | दैनिक भ्रमण भत्ता | १०७००।- |
| | **जम्मा** | | १५३९०४.०० |

| | | |
|---|---|---|
| ९२. | **दैनिक भ्रमण भत्ता** :-भौ नं १७० मिति०७५/२/२ बाट दैनिक भ्रमण भत्ता नियमावली २०६४ को नियमानुसार सरकारी कामकाजको लागि खटिई जाने कर्मचारी तथा जनप्रतिनिधिहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी दिने व्यवस्था छ । कार्यपालिका सदस्य श्री खडग बहादुर सुनुवार ०७४/१२/१६ देखि ०७४/१२/२१ सम्म गाउँपालिकाको महासंघको कार्यक्रममा सहभागी हुन व्यक्तिगत कामको दैनिक भ्रमण भत्ता भुक्तानी भएको असुल हुनु पर्ने रु.... | ७५००।- |
| | **दैनिक भ्रमण भत्ता** : भौ नं १७० मिति०७५/२/२ बाट दैनिक भ्रमण भत्ता नियमावली २०६४ को नियमानुसार सरकारी कामकाजको लागि खटिई जाने कर्मचारी तथा जनप्रतिनिधिहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी दिने व्यवस्था छ । वडा अध्यक्ष श्री चेत बहादुर विश्वकर्माले ०७५/१/०३ देखि ०७५/१/०९ सम्म भ्रमण उद्देश्य उल्लेख नभएको दैनिक भ्रमण भत्ता भुक्तानी भएको असुल हुनु पर्ने रु............... | ९२००।- |
| | **दैनिक भ्रमण भत्ता** : भौ नं १३१ मिति०७४/१२/२८ बाट दैनिक भ्रमण भत्ता नियमावली २०६४ को नियमानुसार सरकारी कामकाजको लागि खटिई जाने कर्मचारी तथा जनप्रतिनिधिहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी दिने व्यवस्था छ । उपाध्यक्ष पार्वती सुनुवारले ०७४/१२/१७ देखि ०७४/१२/२१ गाउँपालिका राष्टिय महासंघको महाधिवेशनमा जाँदाको दैनिक भ्रमण भत्ता भुक्तानी भएको असुल हुनु पर्ने रु........................................................................................ | ६८००।- |
| ९३. | **जिन्सी दाखिला** :-भौ नं १५६/०७५/०१/२६ मा शिक्षक महासंघ गाउँपालिकाको अध्यक्ष श्री रमन कुमार फुयाल शैक्षिक क्यालेण्डर खरीद वापतको रु.३००००।- भुक्तानी भएकोमा ओसिका अफसेट प्रेस पुतलीसडक बाट परिमाण दर उल्लेख नगरेको रु.३००००।- को विल मात्र पेश भएकोमा उक्त सामानको जिन्सी दाखिला गरी वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु................................ | ३००००।- |
| | **जिन्सी दाखिला** : भौ नं १६३/०७५/०१/३१ मा प्रा.स रामबाबु साहले अल ईन वन पुस्तक खरीदको पेश्की फछ्र्यौट गर्दा जयकाली प्रकाशन प्रा.लि.बाट एक हजार थान किताव खरीद भएकोमा उक्त किताव जिन्सी दाखिला गरी बुझाएको भरपाई समेत पेश हुनु पर्ने रु.......... | ९३५००।- |

<table>
<tr><td>९४.</td><td>भुक्तानी बाँकी कच्चावारी :- गत आ.ब.को भुक्तानी दिन बाकीको कच्चावारी प्रमाणित गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । कार्यालयले गत वर्षको आर.डि. ईन्जिनियरिङ्ग कन्सन्टेन्सिलाई गाउँ पार्श्व चित्र निर्माण वापत भुक्तानी गरेकोमा भुक्तानी बांकीको विवरण पेश नभएको अनियमित रु...................</td><td>३१५०००।-</td></tr>
<tr><td>९५.</td><td>व्यक्तिगत प्रयोजन :- भौ नं १०४/०७४/११/१४ बाट सिन्धुली काठमाडौ सम्पर्क मंचको सचिव राजु बराललाई सिन्धुली आवज पत्रिकामा २०७४ सालको वडा दशै दिपावली ,नेपाल सम्वत,छठ र ल्होसार लगायत सम्पूर्ण राष्टिय चाडपर्वको उपलक्ष्यमा समस्त नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा व्यक्तिगत प्रयोजनको शुभ कामना वक्तव्य छपाई गरे वापत भुक्तानी भएकोमा असुल हुनु पर्ने रु.....</td><td>१८०००।-</td></tr>
<tr><td>९६.</td><td>कार्य सम्पन्न पेश हुनु पर्ने :- भौ नं १०६/०७४/११/१४ बाट जेन्युइन कम्प्युटर ईष्च्युिट सिद्धिचरण न.पा ओखलढुङ्गाबाट सामाजिक सुरक्षा कार्यक्रमका लाभग्राहीहरुको नामसहितको विवरण MIS प्रविष्ट गरेको भुक्तानी सम्वन्धमा उक्त कार्यको सम्फौता,TOR र कार्य सम्पन्न पेश नभएको रु................</td><td>१०००००।-</td></tr>
<tr><td>९७.</td><td>व्यक्तिगत प्रयोजन :- भौ नं १०७/०७४/११/१४ बाट रेडियो विजय किल्ला ९३ मेगाहर्ज कमालामाई नगरपालिका ६ सिन्धुलीलाई २०७४ वडा दशै, दिपावली ,नेपाल सम्वत,छठ पर्व लगायत अध्यक्ष उपाध्यक्ष र कार्यकारी अधिकृत तथा सवै वडा अध्यक्ष ज्यूहरुको तर्फबाट शुभकामना सन्देश प्रशारण भएकोमा उक्त व्यक्तिगत प्रयोजनको खर्च असुल हुनु पर्ने रु.</td><td>४८००।-</td></tr>
<tr><td>९८.</td><td>भ्रमण :भौ नं ११५/०७४/१२/०४ फिक्कल गाउँपालिकाको पदाधिकारीहरुको मिति ०७४/११/१७ देखि ०७४/११/२३ सम्म ७(सात) दिने भ्रमण लुम्विनि,पोखरा,सम्पूण पश्चिम क्षेत्रको दैनिक भ्रमण रु.६०००।- का दरले भुक्तानी भएकोमा उक्त भाडा खर्चमा पदाधिकारीहरुको स्वीकृत भ्रमण आदेश,उद्देश्य खुलाई भ्रमण प्रतिवेदन पेश नभएकोले नियमित गर्नु पर्ने रु....</td><td>३७०००।००</td></tr>
<tr><td>९९.</td><td>भौ नं ११६/०७४/१२/०४ बाट शैक्षिक भ्रमण कार्यक्रम स्वीकृत गरी विद्यालयलाइ्र अनुदान दिई विद्यार्थीहरुलाई शैक्षिक भ्रमणमा लानुपर्नेमा निम्नानुसारको जनप्रतिनिधिहरुले पोखरा,पाल्पा,महाकाली शैक्षिक भ्रमण अध्यायन टोली भनि भुक्तानी लिएको खर्च नियमित हुनु पर्ने साथै सबै पदाधिकारीहरु शैक्षिक भ्रमणमा जानुपर्ने औचित्य पेश नभएको रु...................
<table>
<tr><th>सि.नं.</th><th>पदाधिकारीको नाम</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>अध्यक्ष श्री धन बहादुर कार्की</td><td>१००००</td></tr>
<tr><td>२.</td><td>वडा अध्यक्ष श्री चेत बहादुर वि.क.</td><td>७५००</td></tr>
<tr><td>३.</td><td>वडा अध्यक्ष श्री शंकर बहादुर भण्डारी</td><td>७५००</td></tr>
<tr><td>४.</td><td>वडा अध्यक्ष श्री टेक बहादुर रजन मगर.</td><td>७५००</td></tr>
<tr><td>५.</td><td>वडा अध्यक्ष श्री गोलाप बहादुर मगर</td><td>७५००</td></tr>
<tr><td>६.</td><td>वडा अध्यक्ष श्री राजु बराल</td><td>७५००</td></tr>
<tr><td>७.</td><td>वडा अध्यक्ष श्री खडग बहादुर नेपाली</td><td>७५००</td></tr>
<tr><td>८.</td><td>कार्यपालिका सदस्य श्री फडिन्द्र कुमारी पौडेल</td><td>७५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६२५००</td></tr>
</table></td><td>६२५००.००</td></tr>
<tr><td>१००.</td><td>पेश्की फछ्र्यौट :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(१) मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ । जनप्रतिनीधिहरुलाई पेश्की दिने व्यवस्था नभएकोले निम्नानुसार जनप्रतिनिधिहरुले पेश्की लिई फछ्र्यौट गरेको पाईयो ।
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>पेश्की</th><th>फछ्र्यौट</th><th>बापत</th></tr>
<tr><td>५ नं वडा अध्यक्ष श्री राजु बराल</td><td>०७४/११/१४</td><td>०७४/१२/०४</td><td>दैनिक भमण भत्ता</td></tr>
<tr><td>३ नं वडा अध्यक्ष श्री टेक बहादुर रजन मगर</td><td>०७५/०१/२१</td><td>०७५/२/१३</td><td>सीप विकास तालिम</td></tr>
<tr><td>कार्यपालिका सदस्य श्री चेत बहादुर वि.क.</td><td>०७५/२/०७</td><td>०७५/३/०८</td><td>सीप विकास तालिम</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०१.</td><td>व्यक्तिगत प्रयोजन :- २२१/०७५/०३/१५ बाट सौगत राष्टिय दैनिक पत्रिका कमालामाई नगरपालिका ६ सिन्धुलीलाई व्यक्तिगत विज्ञापन अध्यक्ष श्री धन बहादुर कार्कीको शुभकामना सन्देश छपाई भएकोमा उक्त</td><td>६०००।-</td></tr>
</table>

| | | |
|---|---|---|
| | व्यक्तिगत प्रयोजनको खर्च असुल हुनु पर्ने रु... | |
| १०२. | **ईन्धन खर्च :-** भौ नं १८७/०७५/०२/१७ बाट वडा नं २ का वडा अध्यक्षलाई ईन्धन खर्च भुक्तानी गर्दा सरकारी मोटर साईकल ज १ ब ५६२ सवारी चालक श्री राम बहादुर भण्डारीलाई भुक्तानी भएकोमा उक्त सरकारी .मोटर साईकल अन्य व्यक्तिलाई प्रयोगमा दिएको र लग बुक वेगर ईन्धन खर्च भुक्तानी भएको नियमिति मान्न नसकिने रु......................... | १६०००।- |
| १०३. | **वैठक भत्ता** :२२९/०७५/०३/२७, अर्थ मंत्रालयको कार्यसंचालन निर्देशिका २०७४ को ७.१.१ मा बैठक भत्ता भुक्तानीको व्याख्या गरेको छ । सो बमोजिम एउटै कार्यालय वा निकायका पदाधिकारीहरुको बैठक भत्ता भुक्तानी दिन नमिल्ने व्यवस्था गरेको छ ।जिल्ला समन्वय समितिका पदाधिकारीहरुलाई ०७४/१०/०३ र ०७५/०३/१७ मा नदीजन्य पदार्थ संकलन तथा विक्री बैठक भत्ता वापत ११ जना पदाधिकारीहरुको ३३०००।- भुक्तानी भएकोमा कर कटटी ४९५०।- कट्टा गरी बाकी रु.२८०५०।- र खाना खर्च वापत ७४१५।- समेत जम्मा रु. ३५४६५।- असुल गनु पर्ने रु......................................... | ३५४६५।- |
| १०४. | **मर्मत खर्च :- (क)** भौ नं २३८/०७५/०३/२७ मा कार्यालयले ना १ ब २५०० नम्वरको मोटर साईकल विमा गरेको छ । उक्त मोटर साईकल दुर्घटना भएको भनि रु.५५४६९।- मर्मत खर्च लेखेको पाईयो । विमा कम्पनीबाट दावी गरी गर्नु पर्नेमा यस कार्यालयबाट भुक्तानी भएको नियम संगत नदेखिएको रु. ५५४६९।- सोधभर्ना लिनु पर्दछ<br>**(ख)** भौ नं २३८/०७५/०३/२७ मा महादेवडाडा स्वास्थ्य ईन्चार्ज श्री उदय काफ्ले को ना.४२ ख २६४८ को मोटर साईकल मर्मत रु.११२५०।- भुक्तानी भएकोले यस्ता व्यक्तिगत प्रयोजनको मोटरसाईकल मर्मत बापतको रु.११२५०।- असुल हुनु पर्ने रु.... | ११२५०।- |
| १०५. | **विज्ञापन खर्च** :२१२/०७५/०३/०८, बाट निम्नानुसारको पेशागत संगठनतर्फ भुक्तानी दिएको रकम नियमित हुनु पर्ने रु..................<br>१. कर्मचारी मिलन केन्द्र सिन्धुली रु. ८०००।-<br>२. नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति सिन्धुली रु. ५०००।- | १३०००।- |
| १०६. | **मर्मत खर्च :-** सार्वजनिक खरीद नियमावली ,२०६४ नियम ९६(१) सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत संभार गर्नुपर्ने भए सो को लिखित जानकारी त्यस्तो मालसामानको उपयोग कर्ताले सो निकायको प्रमुखलाई दिनुपर्ने र नियम ९६(३) बमोजिम उपकरण वा पाटपूर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गराई प्रति एकाई पाँच हजार रुपैया भन्दा वढी पर्ने उपकरण वा पाटपूर्जाको लागि प्रतिस्थापन गरिएको कुरा सम्वन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष मर्मतमा मर्मत गर्दा मलेप फा नं २ मा सवारीको किसिम खरीद गरेको मिति फेरिएको पूराना सामानको विवरण जम्मा चलेको किलोमिटर र मर्मत खाता अभिलेख रजिष्टरमा उल्लेख नगरी पटक पटक लुज सिटमा राखी मर्मत गरेको र चेकजाँच गर्ने को दस्तखत प्रमाणित समेत नभएकोले नियमसंगत देखिएन सुधार गर्नुपर्दछ। | |
| १०७. | **ईन्धन खर्च :-** कार्यालयको जिन्सी विवरण अनुसार १० वटा मोटर साईकल र ०७५ जेष्ठ महिना खरीद भएको १ वटा वोलेरो पिकअप गाडी र एम्वुलेन्स खरीद भएको देखिन्छ। ईन्धन खर्चमा सवारी लगबुकमा ईन्धन खपत देखाएता पनि किलो मिटर उल्लेख नभएकोले यस्तो खर्च नियन्त्रण गर्नु पर्ने देखिन्छ। | |
| १०८. | **सामाजिक सुरक्षा :-** सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा निर्देशिका अनुसार नाम दर्ता भई कार्यालयको अभिलेखमा रहेका व्यक्तिलाई भुक्तानी गर्नु पदृछ। यस अनुसार वडा नम्वर ३ र ५ को भत्ता खर्च परीक्षण गर्दा अभिलेखमा भएको संख्या भन्दा वढी संस्थालाई भुक्तानी गरेको पाइएइकोले असुल गरी बाँकी वडाको समेत छानविन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु...<br>**क) ३ नं वडा तर्फ** | ३१२००.०० |

| लाभग्राहीको किसिम | MIS रेकर्ड अनुसार | भरपाई पेश भएको | अवधि | बढी संख्या | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| असाह विधवा/एकल | ४७ जना | ५० जना | तेश्रो चौमासिक | ३ | २४०००।- |
| आंशिक अपाङ्ग | ५ जना | ७ जना | तेश्रो चौमासिक | २ | ४८००।- |

**ख) ५ नं वडा तर्फ**

| लाभग्राहीको किसिम | MIS रेकर्ड अनुसार | भरपाई पेश भएको | अवधि | बढी संख्या | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| आंशिक अपाङ्ग | ६ जना | ७ जना | तेश्रो चौमासिक | १ | २४००।- |

१०९. **बढी निकासा : विदालयलाई रकम निकासा दिंदा अभिलेख अनुसार भुक्तानी दिनु पर्दछ ।** सिद्धेश्वरी प्रा.वि.पोटीलाई विभिन्न शिर्षकमा निम्नानुसारको भुक्तानी दिंदा बढी भुक्तानी दिएको पाइएकोले असूल गर्नुपर्ने रु... ७२००।-

| सि.नं. | शीर्षक | निकासा हुनु पर्ने | निकासा गएको | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|
| १ | दरवन्दीका शिक्षक | २७०२७।- | २८२२६।- | १२००।- | महंगी भत्ता वापत |
| २ | राहत शिक्षक | २२१७०।- | २३१७०।- | १०००।- | महंगी भत्ता वापत |
| ३ | बालविकास | ३००००।- | ३५०००।- | ५०००।- | तलब |

११०. **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)पूजिगत तर्फ :** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम को च.नं १०० मिति ०७४/०६/०४ सि.नं ४ महानगरपालिका तथा उपमहानगरपालिका बाहेकका ७३६ स्थानीय तहमा ई-गर्भमेन्स प्रर्वद्धन गर्ने प्रयोजनको लागि सहयोग सोलार प्यानल,नेट वकिङ्ग डिभाईस,Queuq management system,cc Tv,Internal connectivity,E–attendance जस्ता सामान खरीदको लागि वजेट विनियोजन भएकोमा उक्त सामान खरीद नगरी ल्यापटप डेल १ थान ८९५००।-,सफ्ट वेयर खरीद रु.१८०००।- र सामसुङ्ग एलईडि टिभि १ थान रु.१३८९९०।- समेत रु.२४६५००।- स्वीकृत कार्यक्रम भन्दा अन्य सामान खरीद गरेको नियमित हुनु पर्ने रु..... २४६५००।-

**कृषि/पशु तर्फ :**

१११. **अनुदान सहयोग :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४१(४) बमोजिम गाउँकार्यपालिकाको कार्यालयले नेपाल सरकारबाट प्राप्त गरेको अनुदान रकमबाट त्यस्ता निकायहरुले प्रचलित कानुन बमोजिम खर्च गरि संचालन गरेको कार्यक्रमहरुको भौतिक उपलब्धी तथा वितिय प्रतिवेदन र लेखापरीक्षण भए वा नभएको कुरा समेत खुलेको विवरण र नियम ४१(५) बमोजिम स्थानीय तहले संचालन गरेको कार्यक्रमको मूल्याङ्कन तथा लक्ष्य र प्रगतिको अनुगमन गरी मिलाउनु पर्ने व्यवस्था छ । कार्यालयले यस्तो रेकर्ड तयार नगरी निम्नानुसारको कार्यक्रममा अनुदान भुक्तानी गरेको देखियो ।

| भौ.नं/मिति | अनुदान विवरण | संख्या | रकम |
|---|---|---|---|
| २/०७४/०६/०६ | आलु | १३५४८ केजी | १८०००० |
| १९/०७५/०१/१३ | आलु | | ४५०४८० |
| २०/०७५/०१/२५ | आलु | | १९८००० |
| १९/०७५/०१/१३ | गहु | २५७ केजी | ३३९३० |
| २६/०७५/०३/०४ | धान | ५०० केजी | ८६६२ |
| | विरुवा खरीद (आँप,लिचि,केरा,कागती,जुनार) | | २१९५४३ |
| २९/०७५/०३/०८ | थ्रेसर | ३ वटा | ४२००० |
| ५/०७४/०९/०३ | स्प्रेयर | ३० वटा | ८९७६७ |
| ५/०७४/०९/०३ | स्प्रेयर | १० वटा | २४००० |

११२. **कार्य सम्पन्न सम्वन्धमा : (क)** निम्न अनुसारको सिचाई योजनाहरुलाई निम्न अनुसार एच.डि.पी. पाईप खरीद गरी वितरण गरेको देखियो । उक्त पाईपको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु..... ६७९९९९.००

| भौ.नं/मिति | सप्लायर्स को नाम | रकम |
|---|---|---|
| १८/०७४/१२/२० | धरान प्लाष्टिक उद्योग प्रा.लि. | २९१९१९ |
| २८/०७५/०३/०५ | निलकमल ईन्टरप्राईजेज | ३८८०८० |
| जम्मा | | **६७९९९९.००** |

**(ख)** उक्त पाईप सिलवन्दी दरभाउपत्र बाट खरीद गर्नु पर्नेमा सोझै खरीद गरेको पाईयो ।

११३. **अनुदान सहयोग :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४१(४) बमोजिम गाउँकार्यपालिकाको कार्यालयले नेपाल सरकारबाट प्राप्त गरेको अनुदान रकमबाट त्यस्ता निकायहरुले प्रचलित कानुन बमोजिम खर्च गरि संचालन गरेको कार्यक्रमहरुको भौतिक उपलब्धी तथा वितिय प्रतिवेदन र लेखापरीक्षण भए वा नभएको कुरा समेत खुलेको विवरण र नियम ४१(५) बमोजिम स्थानीय तहले संचालन गरेको कार्यक्रमको मूल्याङ्कन तथा लक्ष्य र प्रगतिको अनुगमन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस्तो विवरण वगर निम्नानुसारको कार्यक्रममा अनुदान भुक्तानी गरेको देखियो।

**रु. हजार मा**

| क्र.सं | कार्यक्रम | परिमाण | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | गाई भैसी गोठ सुधार ५० प्रतिशत अनुदान | १२ जना | १२० | प्रति कृषक १० |
| २ | स्थानीय जातका कुखुरा पालन व्यवसायला प्रर्वद्धनका लागि महिला समुहलाई समुहगत अनुदान | ६ वटा | १८० | प्रति समुह ३० |
| ३ | युवालक्षित भेडा बाख्रा फार्म अनुदान कार्यक्रम | २ जना | १०० | प्रति व्यक्ति ५० |
| ४ | वंगुरको खोर सुधारका लागि लक्षित समुहका कृषकहरुलाई अनुदान कार्यक्रम | ३० जना | १५० | प्रति कृषक ५ |
| ५ | डालेघाँस नर्सरी | १ जना | ३० | प्रति कृषक ३० |
| ६ | प्रजननका लागि उन्नत व्याडे बोका खरीद ढुवानी समेत | १८ जना | ३६० | प्रति वडा ३ वटा |
| ७ | उन्नत जातको बंगुरको पाठा वितरण | ३० जना | १६५ | २ वटा समुह |
| ८ | वर्षे तथा बहु वर्षे घासको विरुवा वितरण | १ पटक | ९१.३८ | ६ वटा |
| ९ | उन्नत जातको वितरण बोका वितरण | ३ वटा | ६२ | ३ जना |

११४. **सेवा प्रवाह :** गाउँपालीकाले आफ्नो क्षेत्रभित्रका नगरीकहरुलाई कानुन वमोजिम प्रभावकारी रुपमा सेवा प्रवाह गर्नुपर्दछ। यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ।

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | घरनक्सा दर्तापास | ० |
| २ | स्थायी इजाजत प्रदान | ० |
| ३ | निर्माण सम्पन्न सिफारिस | ० |
| ४ | विवाह दर्ता | १०८ |
| ५ | जन्म दर्ता | ३७७ |
| ६ | मृत्यु दर्ता | ६० |
| ७ | बसाइ सराई दर्ता | ७७ |
| ८ | अन्य सिफारिस | ० |

उपरोक्त सेवा प्रवाहको विवरण विश्लेषण गर्दा घर निर्माण गर्दा नक्सा पास गने , इजाजत दिने, शिफारिस गर्ने जस्ता कार्यनै गरेको नदेखिएकोले सार्वजनिक सेवा प्रवाहलाई प्रभवकारी वनाउनेतर्फ कार्यालयको ध्यान दिनुपर्दछ।

११५. **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस व्यवस्था अर्न्तगत यस वर्ष गाँउपालिकाले देहाय वमोजिमका कानुन निर्माण गरेको देखियो। सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, मितव्ययी र प्रभावकारी वनाउन आवश्यक कानूनहरु निर्माण गर्ने र अधिकार क्षेत्रभित्रका कानून निर्माण गरि त्यसको कार्यावन्यन गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ।

| | |
|---|---|
| १ | न्यायीक कार्य सम्पादन सम्वन्धि ऐन, २०७४ |
| २ | आर्थिक कार्यविधि ऐन, २०७४ |
| ३ | शिक्षा ऐन, २०७४ |
| ४ | सहकारी ऐन, २०७४ |
| ५ | स्वास्थ्य तथा सरसफाई ऐन, २०७४ |
| ६ | पुर्वाधार व्यवस्थापन ऐन, २०७४ |
| ७ | कृषि व्यवसाय प्रर्वद्धन ऐन, २०७४ |

| | |
|---|---|
| ८ | प्रशासकिय कार्यविधि( नियमित गर्ने) ऐन, २०७४ |

११६. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ को उप नियम (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असूल उपर गरी वेरुजू लगत कट्टा गराउनु पर्नेमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका देहाय अनुसार व्यहोराहरु फछ्र्यौट गरेको नपाइएकोले नियमानुसार असूल फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | व्यहोरा |
|---|---|
| १. | प्रगति प्रतिवेदन तयार नगरेको, |
| २. | खरिद योजना तयार नगरेको, |
| ३. | चौमासिक अनुसार लक्ष्य तोकी कार्यक्रम संचालन नगरेको, |
| ४. | भ्रमण प्रतिवेदन तयार नगरेको, |
| ५. | मूल्यांकन समितिको नियमानुसार गठन नगभएको, |
| ६. | तेश्रो चौमासिक एकमुष्ठ रुपमा योजनाको म्याद थप गरेको, |
| ७. | संचितकोषको रकम असार मसान्तमा दाखिला हुनुपर्नेमा सो पश्चात दाखिला भएको छ , |
| ८. | पेश्की फछ्र्यौटमा लेखेका सिद्धान्त अनुसारको अभिलेख प्रविष्ठी नगरेको, |
| ९. | बेरुजूको अभिलेख नगराखेको । |

११७. **वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा दरवन्दी अनुसारको पदपुर्ती नभएको, आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरि लागु नगरेको, कार्यालयको भौतीक पुर्वाधार तथा सरसफाईको अवस्था कमजोर रहेको, तालुक निकायवाट निरिक्षण नभएको, जिन्सी निरिक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको, पुँजिगत खर्च स्थिति कमजोर रहेको, आफ्नै कार्यालय भवन नरहेको, अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू फछ्र्यौटको कार्यतालिका नबनाएको, खरिद कार्यमा पूर्ण रुपमा लागत अनुमान तयार गर्ने नगरेको,खरिद योजना तयार नगरेको, जिन्सी सामानको मर्मत तथा लिलामीको कारबाही नगरेको लगायतका व्याहोरा देखिन आएकोले सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तर “C” ग्रेडिङ्ग रहेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

११८. **वेरुजुः** नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.४६ लाख ११ हजार, अनियमित वेरुजु रु.९१ लाख १५ हजार, प्रमाण कागजात पेश नभएको रु.१८ लाख ६ हजार र पेश्की बाँकी देखिएको रु.१ करोड ४२ लाख ६ हजार समेत रु.२ करोड ९७ लाख ३८ हजार कायम भएको छ । कार्यालयवाट प्रतिक्रिया प्राप्त भएको छैन ।

११९. **अनुगमन तथा मूल्यांकनः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) | यो वर्ष फछ्र्यौट | बाँकी |
|---|---|---|
| १५१३०००.०० | ०.०० | १५१३०००.०० |

१२०. **अद्यावधिक बेरुजु स्थिति :** फिक्कल गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यो वर्षको सं.प.बाट कायम समेत बेरुजु (रु.) | जम्मा बेरुजु (रु.) |
|---|---|---|
| १५१३०००.०० | २९७३८३८८.२१ | ३१२५१३८८.२१ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु असूल फछ्र्यौट गरिनुपर्दछ ।

# फिक्कल गाँउपालिका
## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

**अनुसुची १**

**(रु.हजारमा)**

| स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| फिक्कल गाउपालिका | ६० | ६५ | २९७३८ | ० | ० | ० | ६० | ६५ | २९७३८ | ४६११ | ९११५ | १८०६ | ० | ० | १०९२० | ० | १४२०६ | १४२०६ |

## स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

**अनुसुची २**

**(रु.हजारमा)**

| स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| फिक्कल गाउपालिका | सिन्धुली | ५९८० | १५४२३२ | १२३६४९ | ८८४३ | २८६७२४ | १४७७२७ | ११३६९१ | १२६८६ | २७४१०४ | १८६०० |